राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयको

बार्षिक गतिविधि पुस्तिका

(आ.व. २०७८/२०७९)

सबैका लागि मर्यादा, समानता तथा न्याय

राष्ट्रिय मानव अधिकार आयोग
बागमती प्रदेश कार्यालय
सानेपा, ललितपुर

बागमती प्रदेश कार्यालयबाट सम्पादीत कार्य – एक झलक



राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयको

बार्षिक गतिविधि पुस्तिका

(आ.व. २०७८/२०७९)

राष्ट्रिय मानव अधिकार आयोग
बागमती प्रदेश कार्यालय
सानेपा, ललितपुर।

आयोगका पदाधिकारीहरू

अध्यक्ष

माननीय तप बहादुर मगर

सदस्यहरू

माननीय डा.सूर्यप्रसाद शर्मा, दुङ्गेल

माननीय मिहिर ठाकुर

माननीय मनोज दुवाडी

माननीय लीलि थापा

का.मु.सचिव

मुरारी प्रसाद खरेल

सल्लाहकार : यज्ञ प्रसाद अधिकारी

लेखन/सम्पादन/संयोजन :

जायश्वर चापागाई
रेवा रेग्मी
रारा कर्माचार्य
लोकनाथ घिमिरे
अस्मिता पोखरेल

प्रकाशक : राष्ट्रिय मानव अधिकार आयोग
बागमती प्रदेश कार्यालय, सानेपा, ललितपुर।

प्रकाशन मिति : २०७९ असार

संस्करण : चौथो

प्रति: १००

@ **सर्वाधिकार :** राष्ट्रिय मानव अधिकार आयोग
बागमती प्रदेश कार्यालय, सानेपा, ललितपुर।

@ आयोगको यस कार्यालयको पूर्व स्वीकृति विना यस प्रतिवेदनलाई बौद्धिक वा शैक्षिक प्रयोजन बाहेक व्यापारिक वा अन्य प्रयोजनका लागि पुनः उत्पादन एवम मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाईने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरु साभार गरी प्रयोग गर्न सकिने छ।

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

मन्तव्य

मानव अधिकारको सम्मान, संरक्षण तथा संवर्धन गर्नु राज्यको दायित्व हो । नेपालको संविधान तथा नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा निहित हक अधिकारहरू नागरिकले निर्बाध रुपमा उपभोग गर्न पाउनु पर्दछ । मानव अधिकार उल्लंघन तथा दुरुत्साहनका घटना हुन नदिन, राज्य संयन्त्रलाई मानव अधिकार संरक्षणमा जवाफदेही बनाउन, मानव अधिकारको क्षेत्रमा कार्यरत सबै निकायहरूको सत् प्रयास आजको प्रमुख आवश्यकता हो ।

मानव अधिकारको सम्बन्धमा अन्तर्राष्ट्रिय रुपमा गरेका प्रतिवद्धता र मौलिक हकका विषय समेतलाई समेटी नेपाल सरकारले मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना गत वर्ष जारी गरी कार्यान्वयनमा रहेको छ । यस कार्ययोजनाले मानव अधिकार संरक्षणमा संघ, प्रदेश, जिल्ला र स्थानीय तहलाई जिम्मेवारी तोकेको छ । त्यसको कार्यान्वयनको अनुगमन गर्ने जिम्मेवारी राष्ट्रिय मानव अधिकार आयोगले पनि पाएको छ । आगामी दिनमा प्रदेश सरकार र स्थानीय तहबाट समेत मानव अधिकारका विषयलाई प्राथमिकतामा राखि कार्यान्वयनमा जानेछ भन्ने मैले विश्वास लिएको छु ।

मानव अधिकार संरक्षण तथा प्रर्वधन सम्बन्धी गतिविधिहरू साथै सम्पादन गरेका कार्यहरू समेटेर आयोगको बागमती प्रदेश कार्यालयबाट प्रकाशित गरिएको यो वार्षिक गतिविधि पुस्तिकाले बागमती प्रदेश अर्न्तगत रहेका जिल्लाहरूको मानव अधिकारको अवस्था चित्रण गरी सरोकारवाला सबैमा सुसूचित हुन सहयोग पुऱ्याउने छ ।

यस वार्षिक गतिविधि पुस्तिका तयार गर्न संलग्न आयोगको बागमती प्रदेश कार्यालयका कार्यालय प्रमुख यज्ञप्रसाद अधिकारी र पुस्तक प्रकाशनमा संलग्न सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिन चाहान्छु ।

तप बहादुर मगर
अध्यक्ष

३१ असार, २०७९

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)

हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

मन्तव्य

नेपाल मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्षराष्ट्र बनेको छ । नेपालको संविधान २०७२ मा मानव अधिकारका धुप्रै प्रावधानहरूलाई मौलिक हकको रुपमा राखिएको छ । अतः मानव अधिकारको सम्मान, संरक्षण तथा परिपुर्ति गर्नु राज्यको दायित्व हो ।

मानव अधिकारको सुनिश्चितताको लागि नेपालको संविधान तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ले राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक तथा कानुनी दायित्व सुम्पेको छ । आयोगलाई मानव अधिकार उल्लंघन तथा दुरुत्साहनका उजुरी ग्रहण गरी उजुरीउपर अनुसन्धान र सिफारिस गर्ने अधिकार सुम्पेको छ । त्यस्तै मानव अधिकार अवस्थाको निरन्तर अनुगमन गर्ने, कानुन पुनरावलोकन गर्ने, मानव अधिकार शिक्षाको प्रवर्धन गर्ने साथै नेपाल सरकारको मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दायित्वहरुको सम्बन्धमा प्रतिवेदनहरूमाथि सुझाव तथा सिफारिस गर्ने अभिभारा सुम्पेको छ ।

नेपाल संघीय संरचनामा गइसकेको अवस्थामा मानव अधिकार सुनिश्चितताका लागि तीन तहका सरकारहरूलाई थप जवाफदेही बनाउन आयोगले रणनीति योजना (२०२१-२०२६) ले तय गरेका निर्दिष्ट लक्ष्यहरू र उद्देश्यहरू प्राप्त गर्न आफ्ना कार्यालयहरूमार्फत वार्षिक कार्ययोजना बनाइ कार्य गरिरहेको छ । यसै सन्दर्भमा बागमती प्रदेश कार्यालयले आ.व. ०७८/०७९ मा मानव अधिकार उल्लंघनका घटनाहरुको अनुसन्धान, मानव अधिकार अवस्थाको अनुगमन, प्रवर्धनात्मक कार्यक्रमहरू सहितका गतिविधिहरुलाई समेटेर आफ्नो वार्षिक गतिविधि पुस्तिका तयार गरेकोमा खुशी प्रकट गर्दछु । यस गतिविधि पुस्तिकामा प्रदेश कार्यालयले हासिल गरेका उपलब्धि र चुनौती समेत समावेश गरी प्रकाशन भएको हुँदा त्यस क्षेत्रको समग्र मानव अधिकारको अवस्था र कार्यालयको कामको समेत मूल्यांकन गर्न सरोकारवाला सबैलाई सहज हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

वार्षिक गतिविधि पुस्तिकामा समावेश भएका विषयवस्तु कार्यालयको कामको समग्र प्रतिफल हो । कार्यालयको प्रभावकारिता मापन गर्ने प्रमुख सूचक पनि हो । जसले कार्यालयको गतिविधिबारे जानकारी राख्न चाहने जोसुकैलाई पनि उपयोगी हुने देखिन्छ । प्रदेश कार्यालयको आ.व.०७८/०७९ को वार्षिक गतिविधि पुस्तिकाले त्यस क्षेत्रको मानव अधिकार अवस्थासम्बन्धी सूचना पनि समावेश हुनाले पुस्तिकाले प्रदेशको मानव अधिकार अवस्थाबारे पनि बुझ्न सजिलो बनाएको छ । प्रतिवेदनलाई यस अवस्थामा पुऱ्याई दस्तावेजीकरण गर्ने/गराउने प्रदेश कार्यालयका प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीसहित लेखन एवं अन्य कार्यमा संलग्न हुने सम्पूर्ण कर्मचारीहरूलाई विशेष आभार प्रकट गर्दछु ।

.....
(मुरारिप्रसाद खरेल)
का.मु. सचिव

३१ असार २०७९

राष्ट्रिय मानव अधिकार आयोग

National Human Rights Commission

बागमती प्रदेश कार्यालय, सानेपा, ललितपुर

Bagmati Province Office, Sanepa, Lalitpur

मन्तव्य

मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चीतताको लागि संवैधानक रुपमा राष्ट्रिय मानव अधिकार आयोगको स्थापना भएको हो । आयोग स्थापना काल देखि नै "क" बर्गको आयोगको रुपमा मान्यता पाँउदै आएको छ । मानव अधिकार अवस्था अनुगमन गर्ने, अनुसन्धान गर्ने, मानव अधिकार शिक्षा प्रवर्द्धन गर्ने जस्ता नियमित कार्य राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयबाट हुँदै आएको छ ।

मानव अधिकार आयोगको पहुँच विस्तार गर्दै नेपाली नागरिकको मानव अधिकार संरक्षणका लागि प्रदेश कार्यालयको स्थापना भएको हो । आयोगको बागमती प्रदेश कार्यालयले प्रदेश अर्न्तगतका १३ जिल्लाको मानव अधिकार अवस्थाको नियमित अनुगमन गर्ने, आयोगको कार्यालयमा दर्ता हुन आएका मानव अधिकार हनन्/दुरुत्साहनका उजुरीमा अनुसन्धान गर्ने कार्यलाई प्राथमिकतामा राखेको छ । आयोगको देशभरका कार्यालयमा दर्ता उजुरीहरुको करिव आधा जसो उजुरीहरु बागमती प्रदेश कार्यालयमा दर्ता भएको अभिलेखबाट देखिन्छ । प्रदेश सरकार, स्थानीय तह, सुरक्षा निकाय, नागरिक समाज, मानव अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थासंग हातेमालो समन्वय र सहकार्य गर्दै स्थानीय सरकार सम्म आयोगको बागमती प्रदेश कार्यालय पुग्न सफल भएको छ । सेवाग्राहीको सकारात्मक पृष्ठपोषणबाट कार्यालयलाई थप हौसला हुनु स्वभाविकै हो । मूलत आ.व. २०७८/२०७९ मा उजुरी अनुसन्धान, सिफारिस र प्रर्वद्धनात्मक गतिविधि अर्न्तगत संम्वद्ध सरकारी निकाय, सुरक्षा निकाय, नागरिक समाज, मानव अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाका प्रतिनिधि, स्थानीय सरकारसंग सहकार्यलाई निरन्तरता दिईएको छ । यस सन्दर्भमा प्रदेश कार्यालयको तर्फबाट म सवै प्रति आभार व्यक्त गर्दछु ।

अन्त्यमा यो गतिविधि पुस्तिका तयार गर्ने कार्यमा संलग्न यस कार्यालयका मानव अधिकार अधिकृत जायश्वर चापागाई, रेवा रेग्मी, लेखा अधिकृत रारा कर्माचार्य, मानव अधिकार सहायक लोकनाथ धिमिरे, सुचना प्राविधिक सहायक अस्मिता पोखरेल सहित यस कार्यालयमा कार्यरत सवै कर्मचारीलाई धन्यवाद दिन चाहान्छु । यस कार्यालयको वार्षिक योजना र कार्यक्रम सम्पन्न गर्न प्रेरणा दिनु हुने हुने राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्षज्यू, माननीय सदस्यज्यूहरु तथा का.मु.सचिवज्यू प्रति विशेष आभार व्यक्त गर्दछु । छोटो समयमा नै पुस्तिका छपाईमा सहयोग गर्ने सौगात पिन्टस एण्ड स्टेशनरी काठमाण्डौलाई समेत धन्यवाद दिन चाहन्छु ।

मितिः २०७९ असार ३१ गते

यज्ञप्रसाद अधिकारी
सहसचिव
(कार्यालय प्रमुख)

फोन नं. ०१९७७- १-५४२९१७२, फ्याक्स नं. ०१९७७-१-५४३०३६२ सानेपा, ललितपुर
अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ Audio Notice Board Service Number 1618 01 5010015
Email:nhrcsnp@nhrcnepal.org/ वेबसाइट: www.nhrcnepal.org

विषय-सूची

परिच्छेद – १ १

१.१ पृष्ठभूमी १

१.२ संगठनात्मक संरचना, कार्यादेश र कार्यक्षेत्र २

१.३ आयोगको बागमती प्रदेश कार्यालयबाट भएका गतिविधि २

परिच्छेद–२ ९

२. मानव अधिकारको अवस्थाः ९

२.१ नागरिक तथा राजनैतिक अधिकारको अवस्था ९

२.२ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अवस्था १०

२.३ जातीय भेदभाव विरूद्धको अधिकारको अवस्था ११

२.४ महिला अधिकारको अवस्था १२

२.५ बाल अधिकारको अवस्था १३

२.६ बलपूर्वक बेपत्ता विरूद्धको अधिकारको अवस्था १४

२.७ यातना विरुद्धको अधिकार १५

२.८ कारागार तथा हिरासतको अवस्था १५

२.९ मानव बेचविखन तथा गैरकानूनी अप्रवासनको अवस्था १६

२.१० अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको अवस्था १६

२.११ तेश्रो लिङ्गीको अधिकार १७

परिच्छेद–३ १८

३. प्रवर्धनात्मक गतिविधि १८

३.१ विपद व्यवस्थापन र मानव अधिकार विषयक छलफल १८

३.२ विश्वव्यापी आवधिक समिक्षाका सुझाव सम्बन्धी प्रादेशिक कार्यशाला सम्पन्न १९

३.३ बागमती प्रदेश स्तरीय मानव अधिकार र पत्रकारिता तालिम सम्पन्न २०

३.४ मानव अधिकार रक्षकहरुको बागमती प्रदेश स्तरीय सम्मेलन सम्पन्न २१

३.५ प्रदेश बालबालिका सम्बन्धी ऐन २०७६ को मानव अधिकार दृष्टिकोणबाट २३
३.६ मानव अधिकारको अन्तर्राष्ट्रिय दिवस प्रदेश राजधानीमा सम्पन्न २३
३.७ वार्षिक गतिविधि पुस्तिका प्रदेश प्रमुख समक्ष प्रस्तुत २५
३.८ मानव अधिकार रक्षक सम्बन्धी छलफल कार्यक्रम सम्पन्न २५
३.९ वातावरण र विकासको अधिकार विषयक सम्मेलन २६
३.१० उपत्यकामा विपत व्यवस्थापन र मानव अधिकार राष्ट्रिय कार्ययोजना २९
३.११ संक्रमणकालिन न्यायको अवस्था, आगामी कार्यदिशा ३०
३.१२ मानव अधिकार प्रादेशिक सम्मेलन पूर्व पत्रकार सम्मेलन सम्पन्न ३१
४. मानव अधिकार राष्ट्रिय कार्ययोजना सम्बन्धी कार्यक्रम ३१

परिच्छेद–४ ३५
बागमती प्रदेश कार्यालयका उपलब्धी, चुनौती र समाधानका सम्भावित उपायहरु ३५
४.१ प्रदेश कार्यालयका उपलब्धी ३५
४.२ चुनौती ३५
४.३ चुनौती समाधानका उपाय ३६
४.४ प्रदेश र स्थानीय सरकारलाई सुझाव ३६

अनुसूचीहरू ३७

परिच्छेद - १

१.१ पृष्ठभूमी

नेपालको सविधान (२०७२) को धारा २४८ अनुरुप स्थापित राष्ट्रिय मानव अधिकार आयोग एक स्वतन्त्र र स्वयत्त निकाय हो। संविधानको धारा २९३ बमोजिम प्रतिनिधि सभाका समितिले राष्ट्रिय मानव अधिकार आयोग बाहेकका अन्य सवैधानिक निकायको प्रतिवेदन लगायतका काम कारबाहीको अनुगमन र मुल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन सक्ने छ। हाल आयोगमा केन्द्रीय कार्यालय, सात प्रदेश कार्यालय र तीन प्रदेश शाखा कार्यालय रहेका छन्।

राष्ट्रिय मानव अधिकार आयोग समक्ष जनताको सहज पहुँच पुगोस् भन्ने उद्देश्यका साथ २०७४ साल कात्तिक १ गते उपक्षेत्रीय कार्यालयको रुपमा सानेपा, ललितपुरमा स्थापना भएको हो। कार्यालयको स्थापना भए संगै यस कार्यालयले आफ्नो क्षेत्राधिकार भित्रका १३ जिल्लाहरुमा मानव अधिकार सम्बन्धी आफ्ना विविध गतिबिधिहरू सञ्चालन गर्दै आएको छ। आयोगको २०७५ असार ८ गतेको निर्णयानुसार यस कार्यालयलाई प्रदेश नं ३ कार्यालयको रुपमा सानेपा ललितपुरमा स्थापित गरी कार्य संचालन गरी आएको छ। प्रदेश सभाको वैठकबाट प्रदेशको नाम बागमती प्रदेश नामाकरण गर्ने र प्रदेश मुकाम हेटौडामा राख्ने निर्णय भए पश्चात राष्ट्रिय मानजव अधिकार आयोग बागमती प्रदेश कार्यालय नामाकरण भएको छ। यो कार्यालय बागमती प्रदेश राजधानी हेटौडामा स्थानान्तरण गर्ने क्रममा रहेको छ। यस प्रदेशको समग्र मानव अधिकारको चित्रण एवम मानव अधिकारका सवालहरूमा केन्द्रित रही यस कार्यालयले अनुगमन र अनुसन्धान सम्बन्धी कार्यलाई निरन्तर रूपमा अगाडी बढाइरहेको छ। कार्यालयबाट सम्पादित गतिविधि, अनुगमन तथा अनुसन्धानबाट प्राप्त प्रतिवेदनको निष्कर्ष, प्रेस-विज्ञप्ती, पत्रकार सम्मेलन इत्यादी मार्फत मानव अधिकारको स्थितिलाई सेवाग्राही र जनसमक्ष ल्याउने क्रम निरन्तर रहेको छ। नेपालको संविधान (२०७२) को धारा २४९ को उपधारा (१) बमोजिम संवैधानिक निकायले आफुले गरेको काम कारबाहीको बार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने र राष्ट्रपतीले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन संघीय संसद समक्ष पेश गर्न लगाउने व्यवस्था छ भने उपधारा (३) मा संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने व्यवस्था रहेको छ। एकातर्फ संवैधानिक निकायका प्रदेश कार्यालयहरुले गरेका काम कारबाही आम नागरिकको चासोको विषय हुन्छन् भने अर्को तर्फ यसका गतिबिधिले प्रदेश सरकारसँग नजीकको सम्बन्ध राखेको हुन्छ। राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय गत आ.व. २०७७/७८ को आफ्नो प्रतिवेदन प्रदेश प्रमुख यादवचन्द्र शर्मा समक्ष पेश गरेको छ। प्रदेशको मानव अधिकार अवस्थावारे जानकारी दिने उद्धेश्यले प्रतिवेदन तयार भएको छ।

१.२. संगठनात्मक संरचना, कार्यादेश र कार्यक्षेत्र

संङ्घीय संरचना अनुसार आयोगको बागमती प्रदेश कार्यालयको भौगोलिक क्षेत्राधिकार भित्र बागमती प्रदेश अर्न्तगतका १३ जिल्ला रहेका छन् । यस कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण अनुसुची-१ मा राखिएको छ । यस प्रदेश कार्यालय अर्न्तगतका जिल्लाहरुको विवरण अनुसूची-२ मा संलग्न छ। यस प्रदेश कार्यालयले बागमती प्रदेशको राजधानी हेटौडामा कार्यालय स्थापनालाई प्राथमिकतामा राखेको छ।

१.३. आयोगको बागमती प्रदेश कार्यालयबाट भएका गतिविधि

मूलतः राष्ट्रिय मानव अधिकार आयोगको बागमती प्रदेश कार्यालयबाट आ.व. २०७८/७९ को अवधिमा सम्पन्न गरिएका मानव अधिकार अनुगमन तथा अनुसन्धान टोलीहरूको प्रतिवेदन, प्राप्त उजुरीहरू, सम्पन्न गरिएका प्रवर्द्धनात्मक गतिविधिहरू अन्य निकायका प्रतिवेदन समेतको आधारमा यो प्रतिवेदन तयार गरिएको छ । मानव अधिकारको क्षेत्रमा क्रियाशिल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ सस्थाहरू, पत्रकारहरू, नागरिक समाज, स्थानीय प्रशासन, सुरक्षा निकाय, आदिसँग भएका अर्न्तक्रिया, छलफलबाट प्राप्त तथ्य तथ्याङ्कलाई पनि प्रतिवेदनको आधारको रूपमा लिइएको छ।

१.३.१. प्रशासनिक कार्यहरु

यस कार्यालयबाट तोकिएका जिम्मेवारी निम्नानुसार रहेका छन् ।

(क) कार्यालय व्यवस्थापन र सरसफाई ।

(ख) सार्वजनिक खरिद ।

(ग) मर्मत संहार तथा रेखदेख (कार्यालयका भौतिक साधनहरुको अनुगमन निरीक्षण)।

(घ) सवारी व्यवस्थापन ।

(ङ) दर्ता चलानी (पत्राचार) ।

(च) कार्यालय व्यवस्थापन र सञ्चालनका दैनिक भैपरी आउने अन्य कामहरु ।

सम्पादीत कार्यहरु		
१	कर्मचारी व्यवस्थापन सम्बन्धीत कार्यहरु	• कर्मचारीहरुको सरुवा र रमाना सम्बन्धी पत्राचार • कर्मचारीहरुको कार्य सम्पादन मुल्याँकन फारम संकलन । • कर्मचारीहरुको आ.व. २०७७/०७८ को सम्पति विवरण संकलन । • कर्मचारीहरुको व्यक्तिगत फाईल ब्यवस्थापन । • कर्मचारीहरुको बिदा, हाजिरीको अभिलेख व्यवस्थापन ।

२	ब्यवस्थापकीय कार्यहरु	• बागमती प्रदेशको स्थायी राजधानी हेटौडा, मकवानपुरमा कार्यालय खोल्न तथा कार्यालयका लागि जग्गा उपलब्ध गराउनका लागि निरन्तर पत्राचार तथा सम्बन्धित निकायसँग परामर्श वैठक भएको छ। • निकट भविश्यमै आयोगको प्रादेशीक कार्यलय हेटौडामा स्थानान्तरण गरिने योजना रहेको छ। • अनुगमन अनुसन्धान टोलीका लागि सवारी व्यवस्थापन सम्बन्धी कार्यहरु भएका छन्। • कार्यालय तथा कार्यालय परिसर सरसफाईका लागि आवश्यक कार्यहरु भएका छन्। • कोभिड-१९ बाट सुरक्षित रहन कर्मचारीहरु स्वास्थ्य मापदण्ड पालना र स्वास्थ्य समाग्रीहरुको व्यवस्थापन भएको छ।
३	खरिद बिक्रि/मर्मत संहार/सवारी साधनसँग सम्बन्धित कार्यहरु	• आ.व. २०७८/०७९ को जिन्सी निरिक्षणको लागि समिति गठन गरी कार्य सम्पादन भएको। • फर्निचर सम्बन्धी समान खरिद। • स्टेशनरी खरिदका लागि सिलबन्दी दरभाउ पत्र आह्वान। • कार्यालय सम्बन्धी आवश्यक समान खरिद, मर्मत तथा नियमित आपूर्ति। • स्थानीय तह सदस्य निर्वाचनका लागि सवारी व्यवस्थापन लगायतका कार्यहरु।

१.३.२ संरक्षण सम्बन्धी कार्यहरु

बागमती प्रदेश कार्यालयको स्थापना भए पश्चात यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने १३ वटा जिल्लाहरुमा मानव अधिकार संरक्षण सम्वर्धनका लागि उजुरी ग्रहण, अनुगमन, अनुसन्धान र उजुरी निर्णयार्थ आयोगमा प्रस्तुत गर्ने लगायतका कार्यहरु निरन्तर रुपमा भै आएका छन्। पुराना वक्यौता उजुरी अनुसन्धानलाई प्रदेश कार्यालयले प्राथमिकतामा राखेको छ।

१.३.३. संवर्द्धनात्मक कार्यहरु

मानव अधिकार सम्बन्धी शिक्षा र सचेतना अभिवृद्धि एवं मानव अधिकारको वकालत, सुचना सम्प्रेषण सम्बन्धी कार्यमा संवर्द्धनात्मक कार्यको विशेष महत्व हुने गर्दछ। संवैधानिक एवं कानुनी दायित्व अर्न्तगत आयोगको यस कार्यालयले आफ्नो प्रादेशिक क्षेत्र भित्र मानव अधिकार प्रर्वधन सम्बन्धी गतिविधिहरु संचालन गर्दै आएको छ।

आयोगको रणनीतिक योजना तथा बार्षिक कार्ययोजनामा आधारित प्रर्वधनात्मक कार्यबाट मानव अधिकार सचेतना अभिवृद्धि एवं मानव अधिकार संस्कृतिको विकासमा टेवा पुग्न गएको छ। विगत वर्ष देखि कोभिड-१९ महामारीको कारण जारी लकडाउन निषेधाज्ञा आदिको कारण आम नागरिकहरुको स्वास्थ्य तथा मानव अधिकार अवस्थाको तत्काल अनुगमनका लागि कार्य क्षेत्र भित्रका जिल्लामा आकस्मिक अनुगमन गरि आवश्यक ब्यवस्थापनका लागि नेपाल सरकार लगायत सम्बन्धीत सरोकारवाालाको ध्यानाकर्षण भएको छ।

मानव अधिकारको संवर्द्धन मानव अधिकार सहकार्य तथा समन्वय सम्बन्धी निर्देशिका २०६९ जारी भई कार्यान्वयन भई आएको छ । यस कार्यालयले प्रदेश सरकार तथा स्थानीय सरकारहरुसँग समन्वय र सहकार्य गरी अन्तर्क्रिया, छलफल, गोष्ठी, तालिम, कार्याशाला जस्ता गतिविधीहरु संचालन भई आएका छन् ।

मानव अधिकारको क्षेत्रमा कार्यरत गैसस र स्थानीय तहसँग समन्वय र सहकार्य गरी कार्यक्रमहरु निरन्तर रुपमा संचालन गरेको छ। आयोग, मानव अधिकार एवं पेसागत संघ संस्थाद्धारा आयोजित मानव अधिकार सम्बन्धी कार्यक्रमहरुमा (स्रोत व्यक्ति/विशेषज्ञ सेवा र प्रमुख अतिथि अतिथि र सहभागी बिभिन्न कार्यक्रमा सहभागिता जनाएको संम्वर्द्धन सम्बन्धी कार्यक्रमहरुको विस्तृत विवरण अनुसुची-३ मा समावेश गरिएको छ।

१.३.४ उजुरीसँग सम्बन्धित कार्यहरु

आयोगको बागमती प्रदेश कार्यालयले मानव अधिकार संरक्षण र संवर्द्धन गर्ने क्रममा संविधान, ऐन नियमको परिधि भित्र रही मानव अधिकार उल्लंघन तथा दुरुत्साहनसँग सम्बन्धीत घटनाहरुमा पीडितबाट प्राप्त उजुरी लिने तथा आवश्यक्ता अनुसार स्वविवेकीय रुपमा समेत उजुरी ग्रहण गर्दे आएको छ। यस प्रकारका उजुरी, पीडित, पीडितको परिवार संघ संस्था, व्यक्ति, समुदाय वा आमसञ्चार माध्यममा सम्प्रेषित समाचारका आधारमा समेत उजुरी ग्रहण गर्ने गरिन्छ । कार्यालयमा प्राप्त उजुरी माथि अनुगमन, अनुसन्धान एवं छानविन गरी पीडित तथा पीडित परिवारलाई क्षतिपूर्ति राहत र आवश्यक कानुनी कारबाहीका लागि सरकार वा सरोकारवाला निकाय सँग जानकारी माग गर्ने, सिफारिसका लागि आयोगमा पेश गर्ने कार्य गर्दे आएको छ। यस आर्थिक वर्षमा जम्मा ३३ उजुरीहरु बागमती प्रदेश कार्यालयमा दर्ता भएका छन् । गत आर्थिक वर्षमा बर्क्योता रहेका सहित जम्मा ५९७ उजुरी हाल यस कार्यालयमा विचाराधिन रहेका छन् । उजुरीहरुको विवरण अनुसुची-४ मा समावेश गरिएको छ।

महासन्धिमा आधारित विषयगत उजुरीहरुको विवरण (आ.व.२०७८/७९)

विषयगत उजुरीहरु	साउन	भदौ	असोज	कार्तिक	मंसिर	पुस	माघ	फागुन	चैत	वैशाख	जेठ	असार	जम्मा
नागरिक तथा राजनीतिक अधिकार	४	१	–	–	–	–	३	–	–	२	६	१	१७
आर्थिक समाजिक तथा साँस्कृतिक अधिकार	४	२	–	–	–	–	१	–	–	–	–	–	७
यातना तथा क्रुर अमानवीय व्यवहार विरुद्धको अधिकार	–	–	–	–	–	–	–	–	–	–	–	१	१
बाल अधिकार सम्बन्धी अधिकार	–	–	–	–	–	–	–	–	–	–	१	१	२
महिला विरुद्धको अधिकार	–	–	–	–	–	–	१	–	–	–	–	–	१
आप्रवासी कामदार हरुको अधिकार	–	–	–	–	–	–	–	–	–	१	–	१	२
व्यक्ति बेपत्ता पार्ने कार्य विरुद्धको अधिकार	–	–	–	–	–	–		–		–	–	–	–
सवै किसिमका जातिय भेदभाव विरुद्धको अधिकार	–	–	–	–	–	–	१	–	–	–	–	–	१
अपांगता भएका व्यक्तिहरुको अधिकार	–	१	–	–	–	–	–	–	–	–	–	–	१
जम्मा	८	४	–	–	–	–	६	–	–	३	८	४	३३

यस कार्यालयमा यस आर्थिक वर्षमा परेका उजुरीका विषयमा नागरिक तथा राजनीतिक अधिकारसँग सम्बन्धित १७, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारसँग सम्बन्धित ७, यातनासँग सम्बन्धित १, महिला अधिकारसँग सम्बन्धित २, जातिय बिभेदसँग सम्बन्धीत २, बाल अधिकारसँग सम्बन्धीत २ र आप्रवासी कामदारहरुको अधिकारसँग सम्बन्धित २ उजुरीहरु दर्ता भएका छन् । प्राप्त उजुरीहरुको प्रवृति र प्रकृति हेर्दा न्याय प्रशासन, जीवनको अधिकार, शान्तिपूर्वक भेला भई सभा सम्मेलन गर्न पाउने अधिकार, स्वास्थ्य, शिक्षा रोजगारी, आवास तथा वातावरण अधिकारसँग सम्बन्धित छन् । यसै गरी महिला अधिकार, घरेलु हिंसा, बाल अधिकार, अपांगता भएका व्यक्तिहरुको अधिकार, जातीय विभेद विरुद्धको अधिकार, जेष्ठ नागरिकको अधिकार लगायतका विषयसँग सम्बन्धित रहेका देखिन्छन् ।

१.३.५ जिल्लागत रुपमा परेका उजुरीहरु

आ.व. २०७८/०७९ मा यस कार्यालयमा सवै भन्दा बढी काठमाण्डौ जिल्लाका ८ उजुरी दर्ता भएका छन्। सवै भन्दा कम रामेछाप जिल्लाबाट एउटा उजुरी मात्र दर्ता भएको छ भने भक्तपुर, सिन्धुली, रसुवा र मकवानपुर लगायतका जिल्लाहरुबाट कुनै पनि उजुरी दर्ता भएको छैन। जिल्लागत उजुरीहरुको विवरण अनुसुची -६ मा समावेश गरिएको छ।

१.३.६ महासन्धिमा आधारित उजुरीहरु

महासन्धिमा आधारित उजुरीहरुको प्रकृति हेर्दा गत आर्थिक वर्ष सम्म यस कार्यालयको क्षेत्राधिकार भित्र जम्मा ७ सय २१ वटा उजुरीहरु बिचाराधिन रहेकोमा यस आ.व. को ३३ वटा उजुरी थप भई ७ सय ५४ रहेकोमा यस आ.व. भित्रै १ सय ५७ उजुरीमा अनुसन्धान सम्पन्न गरी निर्णयार्थ केन्द्रीय कार्यालय पठाईएको छ। यस कार्यालयमा यस आ.व. को अन्त्य सम्ममा ५ सय ९७ उजुरीहरु बिचाराधिन रहेको छ। ती उजुरीहरुलाई विषयगत रुपमा वर्गिकृत गरी हेर्दा नागरिक तथा राजनीतिक अधिकारमा १ सय १७, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारमा ४९, यातना विरुद्धको अधिकार ३७, व्यक्ति बेपत्ता पार्ने कार्य विरुद्धको अधिकार २ सय १६, अपांगता भएका व्यक्तिहरुको अधिकार १५, बाल अधिकार ४४, महिला अधिकार ५३, आप्रवासी कामदारहरुको अधिकार ५३, जातीय भेदभाव विरुद्धको अधिकार ३, अल्पसंख्यकको अधिकार ४, मानव वेचविखन र शरणार्थीको अधिकार अर्न्तगत ६ वटा उजुरी रहेका छन्।

१.३.७ विषयगत आधारमा परेका उजुरीहरु

विषयगत आधारमा हेर्दा सबै भन्दा बढी आर्थिक समाजिक सांस्कृतिक अधिकारमा ११७, व्यक्ति वेपत्ता पार्ने कार्य विरुद्धको अधिकारमा २१६, आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार ४९, यातना विरुद्धको अधिकारमा ३७ उजुरी रहेका छन्। स्वतन्त्रता/सभा सम्मेलनको अधिकार, बिभेद विरुद्धको अधिकार, कैदी बन्दीको अधिकार, स्वच्छ वातावरणको अधिकार हनन् भएको लगायतका विषयहरुमा उजुरी रहेका छन्।

आयोगले मानव अधिकार हनन् भएको भनिएका घटनाहरुको सम्बन्धमा आवश्यक उजुरीकर्ता/पीडितलाई परामर्श सेवा प्रदान गर्दे आएको छ। आयोगले आफ्नो क्षेत्राधिकार भित्र नपर्ने उजुरीहरु उपर आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा प्रेशित गर्दछ। उजुरीकर्तालाई कानुनी परामर्श सेवा प्रदान गरी आएको छ। आ.व. २०७८/०७९ मा कार्यालयले १ सय १० जना व्यक्तिलाई परामर्श सेवा उपलब्ध गराएको छ। विषयगत रुपमा दर्ता भएका उजुरीहरुको विवरण अनुसुची -७ मा राखिएको छ।

१.३.८ अनुगमन सम्बन्धि गतिविधिहरु

मानव अधिकारको संरक्षणका लागि यस बागमती प्रदेश कार्यालयले नियमित रुपमा मानव

अधिकार अवस्थाको अनुगमन गर्दे आएको छ। मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय सन्धि सम्झौता तथा राष्ट्रिय कानूनले प्रदान गरेका हक-अधिकार, राज्यका नीति निर्देशन, मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना आदि विषयहरुको कार्यान्वयनको अवस्थाको अनुगमन गर्दे आएको छ। अनुगमनका विषयहरुमा नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार, महिला अधिकार, यातना विरुद्धको अधिकार, जातिय भेदभाव विरुद्धको हक, आदि रहेका छन् । नागरिक तथा राजनीतिक विषयमा समग्र मानव अधिकार अवस्था, कैदीबन्दीहरुको अधिकार, कारागार तथा हिरासतको अवस्था, गैरकानुनी थुना लगायतका विषयमा समेत रहेका छन्। त्यसै गरी आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारमा अस्पताल एवं स्वास्थ्य अवस्था, उपभोक्ताको अधिकार, प्रकृतिक प्रकोप (बाढी पहिरो) बाट विस्थापितहरुको अधिकारका अतिरिक्त जेष्ठ नागरिक, महिला, बालबालिका, आदिवासी जनजाति, अल्पसंख्यक/सिमान्तकृत समुदाय, अपाङ्गता भएका ब्यक्तिहरुको अधिकार, आप्रवासी कामदारहरुको अधिकार, मानव वेचविखनको अवस्था लगायतका विषयमा पनि अनुगमन हुदै आएको छ। यस आ.व. २०७८/०७९ मा २९ पटक आकस्मिक अनुगमन तथा स्थानीय तह सदस्य निर्वाचनको समेत अनुगमन सम्पन्न भएका छन् । सम्पादन भएका कार्यहरुको विवरण अनुसुची-८ मा समावेश गरिएको छ।

१.३.९ अनुसन्धान सम्बन्धी गतिबिधिहरु

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय सानेपा ललितपुरले मानव अधिकार उल्लंघन र दुरुत्साहनका घटनामालाई प्राथमिकतामा राखी कार्य सम्पादन गर्दे आएको छ। यस अवधीमा १ सय ५७ वटा उजुरी उपर अनुसन्धान सम्पन्न गरी निर्यणार्थ केन्द्रीय कार्यालयमा पठाइएको छ। उजुरीहरुको विवरण अनुसुची-८ मा समावेश गरिएको छ।

१.३.१० समन्वय र सहकार्य

आयोगले आफ्नो प्रादेशिक क्षेत्राधिकार भित्र पर्ने जिल्लाहरुमा मानव अधिकार प्रर्वदनात्मक कार्यक्रमहरु संचालन गर्दा प्रदेश सरकार, सरकारी कार्यालयहरु, स्थानीय सरकार अर्न्तगत महानगरपालिका, उपमहानगर पालिका, नगरपालिका तथा गाँउपालिकाहरुसंगको समन्वय र सहकार्यमा कार्यक्रमहरु संञ्चालन गर्दे आएको छ । प्रदेश तथा स्थानीय सरकार र अन्य सरोकारवाला निकायसंगको समन्वय र सहकार्यमा सम्पन्न भएका कार्यक्रमहरु थप प्रभावकारी हुने गरेकोले ती निकायसँग सहकार्य गरी समन्वयमा कार्यक्रम संचालन गर्न स्थानीय निकाय तह हरुबाट यस कार्यालयसँग पत्राचार भई श्रोत व्यक्ति माग हुने गरेको छ।

१.३.११ केन्द्रीय कार्यालयबाट भएका पदाधिकारीको भ्रमण तथा कार्यक्रम

यस बागमती प्रदेश कार्यालयमा यस आर्थिक वर्ष २०७८/०७९ मा केन्द्रीय कार्यालयबाट तपसिल बमोजिमका पदाधीकारीहरुको भ्रमण सम्पन्न भएको छ।

क्र.सं	पदाधिकारीहरुको नाम	मिति
१	माननीय सदस्य डा.सूर्य प्रसाद शर्मा ढुङ्गेल	२०७८।४।२०
२	माननीय सदस्य डा.सूर्य प्रसाद शर्मा ढुङ्गेल	२०७९।३।२०

परिच्छेद-२

२. मानव अधिकारको अवस्था:

राष्ट्रिय मानव अधिकार आयोगको बागमती प्रदेश कार्यालयमा आर्थिक बर्ष २०७८/०७९ मा कार्यालयले बार्षिक कार्य योजना र तत्कालीन आवश्यकता अनुरुप मानव अधिकारको संरक्षण र संवर्द्धनको सवालमा मानव अधिकारको अवस्थाको अनुगमन तथा मानव अधिकार उल्लघंनका घटनाहरुको निरन्तर अनुगमन गर्दछ। मानव अधिकार उल्लंघन सम्बन्धी उजुरीहरुको अनुसन्धानलाई प्राथमिकतामा राखी कार्य गरेको थियो। आ.व.२०७८/७९ मा पनि कार्यालयले अनुसन्धान कार्यमा उल्लेख्य सफलता हासिल गरेको छ। मानव अधिकारसँग सम्बन्धित विषयहरुमा वार्षिक कार्ययोजना बमेजिम अनुगमन, अनुसन्धान तथा कार्यक्रमहरु गरिएको थियो। स्थानीय तह निर्वाचन, २०७९ को सन्दर्भमा निर्वाचनको पूर्व, निर्वाचनको अवधि तथा निर्वाचन पश्चातको मानव अधिकारको दृष्टीकोणबाट अनुगमन गरिएको थियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी विषयमा अनुगमन, जातीय विभेद, एकल महिलाहरुको अधिकारको अवस्था, जेष्ठ नागरिकमाथि हुने दुर्व्यवहार विरुद्धको दिवसको सन्दर्भमा अन्तर्कृयात्मक कार्यक्रम गरिएको थियो। नागरिकको जीउ, ज्यानको असुरक्षा, अपहरण, बेपत्ता, गैरकानूनी पक्राउ, यातना, कुटपिट, धरपकड जस्ता कार्यले यस बर्ष पनि निरन्तरता पाएको देखिन्छ। यस आर्थिक बर्षमा यस कार्यालयबाट कोभिड १९ खोपको कारण स्वास्थ्य अधिकारबारे अनुगमन, कारागार अनुगमन, बाढीपहिरो र मानव अधिकार अवस्था अनुगमन, बाढीपहिरो पीडितहरुको अवस्था अनुगमन, चेपाङको अधिकार सम्बन्धी प्रशिक्षण कार्यक्रम, नागरिक अधिकार अन्तर्गत प्रदर्शन अनुगमन, जातीय विभेद सम्बन्धी अनुगमन, स्थानीय तह सदस्य निर्वाचनमा १३ वटै जिल्लाको अनुगमन समेत गरियो। कैदीबन्दीहरुको मानव अधिकारको अवस्था सम्बन्धमा अनुगमन एवं विभिन्न समयमा आयोजित मानव अधिकार सम्बर्द्धन सम्बन्धी विविध कार्यक्रहरुबाट प्राप्त तथ्यहरू, सूचना तथा जानकारी लगायत कार्यालयमा प्राप्त हुन आएका उजुरीहरू र विभिन्न सञ्चार माध्यममा प्रकाशन तथा प्रसारण भएका मानव अधिकारसँग सम्वन्धित समाचारहरू, मानव अधिकारको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरूद्वारा प्रकाशित प्रतिवेदन समेतलाई आधार लिई प्रतिवेदन तयार गरिएको छ।

२.१ नागरिक तथा राजनैतिक अधिकारको अवस्था

प्रत्येक मानव मर्यादित एवं सम्मानपूर्वक बाँच्न चाहन्छ। सम्मान र मर्यादा प्रत्येक नागरिकको नैसर्गिक अधिकार पनि हो। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३ र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६ को धारा ६ मा प्रत्येक व्यक्तिलाई जीवनको अधिकारको प्रत्याभूति गरिएको छ भने स्वेच्छाचारी ढङ्गले कसैको

पनि जीवन हरण गर्न नपाइने भन्ने उल्लेख गरिएको छ । नेपालको संविधानले समेत मौलिक हक अन्तर्गत हरेक व्यक्तिलाई सम्मानपूर्ण रुपमा बाँच्न पाउने हक सुनिश्चित गरेको छ । यस आर्थिक बर्षमा पनि राष्ट्रिय मानव अधिकार आयोगमा परेका उजुरीहरुको अध्ययन, अनुसन्धान तथा विश्लेषण गर्दा प्रहरीले आरोपित व्यक्तिलाई न्यूनतम बल प्रयोगबाटै गिरफ्तार गर्न सक्ने सम्भावना रहेको अवस्थामा समेत बढी बल प्रयोग भनी उजूरी पर्न आएको छ । नागरिकहरुमा अदालतको आदेशको परिपालनालाई वेवास्ता गरी नाराबाजी, हुलहुज्जत गर्ने प्रवृत्तिमा बढोत्तरी हुँदै गएको पनि देखिएको छ । यसै सन्दर्भमा नेपाल रेडक्रस सोसाइटीमा अध्यक्ष लगायत सदस्यहरुको मनोनयन सम्बन्धमा पुरानो तदर्थ समिति र नयाँ तदर्थ समितिवीच भएको विवादका कारण उत्पन्न परिस्थितिको सम्बन्धमा टोलीले अनुगमन गरी अदालतको आदेश पालना गर्नु पर्ने निष्कर्ष सहितको अनुगमन प्रतिवेदन पेश गरेको थियो । आर्थिक बर्ष २०७८/७९ को शुरुमै सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गाउँपालिका र मेलम्ची नगरपालिका लगायतका क्षेत्रमा पटक पटक गएको बाढी पहिरोमा परी भएको जनधनको क्षतिको अनुगमन गरेको थियो । अनुगमन पश्चात बाढी पहिरोका कारण मृत्यु भएका तथा बेपत्ता भएका ब्यक्तिका परिवारलाई पर्याप्त राहत उपलब्ध गराउन, बाढी प्रभावित नागरिकहरुको घर जग्गामा पुगेको क्षति सम्बन्धमा परेको असरको मूल्याङ्कन गरी तत्काल राहत घोषण गर्न, बाढी आउनुपूर्व स्थानीय बासिन्दाहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गराई गास, बास, कपासको साथै स्वास्थ्य,रोजगारी तथा सुरक्षा लगायतका आधारभूत मानव अधिकारको परिपूर्ति गराउन सुझाव दिइएको थियो । मेलम्ची खानेपानी आयोजनाको क्षति मूल्याङ्कन गरी अविलम्ब पुनःर्निमाण गराउन, बाढी पहिरोका कारण विस्थापित भएका महिला, बालबालिका, जेष्ठ नागरिक र अपाङ्गता भएका ब्यक्ति लगायत किशोरी बालबालिकाहरुको बेचविखन ओसार पसार रोकथामका लागि प्रयास जारी राख्दै निजहरुको अधिकार संरक्षणमा विशेष कार्यक्रम सञ्चालन गराउन नेपाल सरकार तथा प्रदेश सरकार र स्थानीय तहलाई सुझाव दिएको समेत दिइएको थियो ।

२.२ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अवस्था

नेपाल आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६ को पक्ष राष्ट्र हो । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारले व्यक्तिको खाद्यन्न, स्वास्थ्य, शिक्षा, आवास र रोजगारीको अधिकारलाई सुनिश्चित गर्दछ । नेपालको संविधानमा मौलिक हक अन्तर्गत आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको व्यवस्था गरिएको छ । अन्तर्राष्ट्रिय सन्धिको अनुमोदन पश्चात पक्ष राष्ट्रले उक्त सन्धिका प्रावधानहरुलाई आफ्नो घरेलु कानुन सरह कार्यान्वयनमा ल्याउनु राज्यको दायित्व हो । मौलिक हकको रुपमा शिक्षा, स्वास्थ्य, खाद्यान्न, आवास र रोजगारीको हक कानून, नीति, तथा कार्यक्रम र योजनाको अभावमा थप चुनौतिपुर्ण देखिदै आएको छ । संविधान प्रद्धत हकमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ । साथै कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने

छैन भन्ने ब्यवस्था छ। त्यस्तै प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ।

२०७८ साउन १० गते यस कार्यालयबाट काठमाण्डौं र ललितपुर जिल्लाका महानगरपालिका अन्तर्गतका जनस्वास्थ्य विभागमा कोभिड १९ खोप विषयक सम्बन्धमा अनुगमन गरिएको थियो। अनुगमनको क्रममा काठमाण्डौं महानगरपालिका अन्तर्गतको जनस्वास्थ्य विभाग प्रमुख र ललितपुर महानगरपालिका अन्तर्गतको जनस्वास्थ्य शाखाका अनुसार नेपालमा हालसम्म ३ प्रकारका खोपहरुको प्रयोग अनुमति रहेको र ती खोपहरुमा १) कोभिसिल्ड २) भेरोशिल र ३) जोन्सन एण्ड जोन्सन। नेपालमा हालसम्म अनुमति प्रदान गरिएका खोपको प्रभाव परीक्षण पालिकाहरुमा हुने गरेको पाइदैंन। तथापी WHO ले तोकेको मापदण्ड अनुसार खोप केन्द्रहरुमा ल्याउने, पठाउने गरिएको र खोपको सञ्चालन अभियान निर्देशिका बमोजिम कार्य गर्ने गरिएको तथा खोप सम्बन्धी नीति, कानून, मार्गदर्शनहरुको स्वतः पुनरावलोकन भइरहेको जानकारी प्राप्त भएको थियो।

नेपालको संविधानको धारा ३० मा स्वच्छ वातावरणको हक प्रदान गरिएको छ। धारा ३० (१) मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुने, ३० (२) मा वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने उल्लेख गरिएको छ। यसै सन्दर्भमा यस कार्यालयबाट यस आर्थिक बर्षमा वातावरण र विकासको अधिकार विषयक प्रदेशस्तरीय प्रादेशिक सम्मेलन चितवनमा आयोजना गरिएको थियो। कार्यक्रममा चितवन जिल्लाका १४ मध्यवर्ति क्षेत्र उपभोक्ता समितिबाट अध्यक्ष, सचिव र एकजना महिला प्रतिनिधि गरी ३ जनाको दरले ४२ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा भरतपुर महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारी, भरतपुर महानगरपालिका वडा नं.२५ का छविलाल सापकोटा, मध्यवर्ति क्षेत्र ब्यवस्थापन समितिका अध्यक्ष प्रकाश ढुङ्गाना, चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत हरिभद्र आचार्य, जिल्ला वन कार्यालय चितवनका प्रमुख लोकराज नेपाल, लगायतका मानव अधिकारकर्मी, सञ्चारकर्मी, सामाजिक अभियन्ता, पत्रकारहरुको सहभागिता रहेको सो कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयका कार्यालय प्रमुख यज्ञप्रसाद अधिकारीको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा संरक्षित क्षेत्रको संरक्षण, सम्वर्द्धन गर्दै दीगो विकास र वातावरण संरक्षण र मानव अधिकारमा विषयलाई संगसंगै लैजान पर्नेमा जोड दिइएको थियो।

२.३ जातीय भेदभाव विरुद्धको अधिकारको अवस्था

नेपालले जातीय भेदभाव विरूद्धको महासन्धिलाई अनुमोदन गरी राष्ट्रिय कानूनद्वारा छुवाछुत तथा जातीय भेदभावलाई दण्डनीय बनाइएको छ। कानूनी बन्देज भएतापनि व्यवहारतः अझै पनि जातीय आधारमा छुवाछुत र विभेद हुने गरेको पाइन्छ। यसै सन्दर्भमा बर्दिया जिल्लाको बारबर्दिया नगरपालिका वटा नं. ६ का दलित विद्यार्थीहरुलाई ललितपुरको शंखमूलस्थित जगतगुरु आदर्श संस्कृत गुरुकूलमा भर्ना नलिएको घटनाको सम्बन्धमा यस कार्यालयले स्वविवेकीय उजूरी ग्रहण

गरी अनुगमन गरेको थियो । यसैगरी यस कार्यालयबाट धादिङ्ग जिल्लाको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्बन्धमा अनुगमन गरी गंगाजमुना गाउँपालिकामा जातीय भेदभाव र वर्तमान अवस्था विषयमा अन्तकृया कार्यक्रमको आयोजना गरिएको थियो । गाउँपालिकाका वडा नं.१ का वडा अध्यक्ष बहादुर तामाङ्गले वडा नं. १ मा जनसंख्याको ७६ प्रतिशत इसाई धर्मावलम्बीहरु रहेकोले जातीय विभेद नरहेको जानकारी दिनु भएको थियो । गाउँपालिकाको क्यान्टिनमा नै जातीय विभेदका कारण एक दलित युवकलाई कामबाटै निकालिएको घटना निन्दनीय रहेको र पुराना पुस्ताहरुबाट जातीय विभेद हटन नसकेको आवाज सहभागीहरुको तर्फबाट उठाइएको थियो । सो कार्यक्रममा जातीय विभेद अन्त्यको लागि दुर्गम र विकट गाउँमा स्थानीय जनप्रतिनिधि, अगुवाहरुलाई तालीम,गोष्ठि, अन्तर्कृया र छलफल कार्यक्रमको आयोजना गरिनु पर्ने, जातीय विभेदका आरोपीलाई राजनीतिक संरक्षण गर्ने प्रवृत्तिको अन्त्य गर्नु पर्ने, ठूला मन्दिरहरुमा जातीय विभेद नरहे पनि स्थानीय मन्दिरहरुमा जातीय विभेद रहिरहेकोले स्थानीय स्तरमा ब्यापक रुपमा जनचेतना फैलाउन मानव अधिकार सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रमहरुमा जोड दिइने कुरामा गंगा जमुना गाउँपालिकाका वडाध्यक्ष भक्तबहादुर लामाको प्रतिवद्धता थियो । आफुलाई जातीय विभेद भएको भनी तनहुँ जिल्ला ब्यास नगरपालिका वडा नं. ४ स्थायी घर भई हाल काठमाण्डौं महानगरपालिका वडा नं. ११ मा डेरा गरी बस्ने रुपा सुनारले आर्थिक बर्षको शुरुमै काठमाण्डौंको बबरमहलमा सरस्वती प्रधानको घर खाली भएको थाहा पाई कोठा हेर्न गएको र कोठाको विषयमा कुरा गर्दा आफु कामी थरको भन्ने सुनेपछि घरपट्टी सरस्वती प्रधानले जातकै कारण कोठा भाडामा नपाएको भनी जातीय भेदभाव र छुवाछुत सम्बन्धी कसूरमा महानगरीय प्रहरी बृत्त, सिंहदरवार, काठमाण्डौंमा जाहेरी दरखास्त दिएको र सो घटनाको उजूरी यस कार्यालयमा दर्ता हुन आएकोमा यस कार्यालयले सम्बन्धित निकायसँग समन्वय गरी अनुसन्धान गरेको छ । यसै घटनामा आफ्नो संविधान प्रद्धत्त गोपनियताको हक हनन् भएको भन्दै घरपट्टी सरस्वती प्रधानले रुपा सुनार समेतलाई विपक्षी बनाई उजूरी दिनु भएको र सो उजूरीमा समेत अनुसन्धान भएको छ। यसैगरी रामेछाप जिल्लामा दही चोरेको आरोपमा दलित बालकलाइ जातीय विभेदको घटनामा आयोगले अनुसन्धान गरेको छ ।

२.४. महिला अधिकारको अवस्था

महिलाउपर हुने सवै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि १९७९ ले महिलाउपर हुने शारीरिक, मानसिक, सामाजिक, राजनीतिक विभेद अन्त्य गर्नु पर्ने औल्याएको छ । नेपालको संविधान र नेपालको अन्य कानूनले महिला अधिकार संरक्षित र सुरक्षित गरेको भएतापनि कार्यान्वयन पक्ष अझै फितलो रहेको छ। महिलालाई घर परिवार र समाजले विभेद गर्ने, दाइजोको निहुँमा घरबाट निकाला गर्ने, मानसिक र शारीरिक यातना दिने गरेको पाइन्छ । महिलाहरुको अपहरण पछि हत्या, घरेलु हिंसा, दुर्व्यवहार, यौनजन्य हिंसाका घटनाहरु दिनानुदिन बृद्धि भैरहेको देखिन्छ । परिवारभित्र महिलाहरुको निर्णयमा भूमिका न्यून हुने, सम्पत्तिमा पहुँचको कमि रहेको छ। चेपाङ्ग,

जीरेल, दलित, माझी, दनुवार समुदायमा बालविवाह हालसम्म पनि बागमती प्रदेशका प्रमुख समस्या देखिएका छन् । महिलाले घरमा गरेको काम र श्रम शक्तिको आर्थिकरुपमा मुल्याङ्कन नहुँदा महिलाहरुको आर्थिक परनिर्भरतामा बृद्धि हुनु, कानूनी रुपमा समान काममा समान ज्याला भनिएता पनि अनौपचारिक क्षेत्रमा अझै पनि लागु भएको पाईदैन ।

आमाको नामबाट नागरिकता प्राप्तिमा समस्या र आयोगको पहलमा समाधान

ललितपुरकी सरिता महर्जनको भक्तपुरका युवकसँग विवाह भएकोमा निज सरिताले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न निजको बाबुको नागरिकता नभएकोले नेपाली नागरिकताको प्रमाणपत्र दिन मिल्दैन भनी जिल्ला प्रशासन कार्यालय, भक्तपुरबाट निवेदन फिर्ता गरेकोले नागरिकताबाट बञ्चितहुनु परेको भनी आयोगको यस कार्यालयमा उजुरी दर्ता भएको थियो । यस कार्यालयबाट जिल्ला प्रशासन कार्यालय, भक्तपुरसँग समन्वय गरी निजलाई नागरिकता विहिन गराउन नमिल्ने भनी गृहमन्त्रालयको निर्णयको आधारमा निज सरिता महर्जनलाई नागरिकता दिलाउन पहल गरेको र सोही आधारमा जिल्ला प्रशासन कार्यालय, भक्तपुरले निजलाई नागरिकता उपलब्ध गराएको थियो । नागरिकता प्राप्ति पछि निजले आयोगको बागमती प्रदेश कार्यालयमा उपस्थित भई धन्यवाद दिई आफुले आयोगको बागमती प्रदेश कार्यालयको पहलका कारण नागरिकता प्राप्त गरेको जानकारी गराउनु भएकोले विवाद समाधान भएको थियो ।

२.५. बाल अधिकारको अवस्था

बालबालिकाले बालबालिका भएको कारण अन्य ब्यक्ति सरह पाउनु पर्ने अधिकार नै बाल अधिकार हो । नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हक सम्बन्धी ब्यवस्था गरिएको छ । जसमा प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुने, परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने ब्यवस्था छ । कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने, बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने, प्रारम्भिक बाल विकास तथा बालसहभागिताको हक हुने, सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने, घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने, बाल अनुकूल न्यायको हक हुने, असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुने कुरा उल्लेख गरिएको

छ। यसरी संविधानले निर्देशित गरे विपरीतका कार्य गरेमा कानून बमोजिम दण्डनीय हुने र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने कुरा समेत मौलिक हकमा समावेश छ। नेपालले बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ लाई अनुमोदन गरेको छ। यसै संविधान र मौलिक हक एवं महासन्धिमा आधारित भएर बालबालिका सम्बन्धी ऐन, २०७५ जारी गरेको देखिन्छ।

बालबालिकाको बाच्न पाउने अधिकार, संरक्षित हुने अधिकार, वाल विकास तथा वाल सहभागिताको अधिकारलाई संरक्षण गर्न सरकारी तहमा विभिन्न सकारात्मक प्रयासहरु थालनी हुन लागेका छन्। निःशुल्क शिक्षाको लागि राज्यबाट लगानी बढेको देखिएको छ भने सरकारी विद्यालयमा गुणस्तरीय शिक्षा, बालमैत्री पठन पाठन, दण्डरहित विद्यालयमा पठन पाठन गर्ने लगायतका सरकारी तवरमा निरन्तर प्रयास भैरहेको पाईन्छ। तथापि सरकारी विद्यालयतर्फ व्यवस्थापन र प्रभावकारी अनुगमनको अभावले सरकारी विद्यालयप्रति अभिभावकको भरोसामा सुधार हुन सकेको छैन। विद्यालयमा विद्यार्थीलाई अनुशासनको नाममा दिइने शारीरिक र मानसिक दण्ड साजय सार्वजनिक विद्यालयले विभिन्न शीर्षक अन्तर्गत उठाउने शुल्क निर्धारण गरी रकम लिने कार्यबाट निःशुल्क शिक्षा प्राप्तीको अधिकार हनन् भएको पाइन्छ।

यस कार्यालयबाट लियो क्लव चावहिल तथा राष्ट्रिय मानव अधिकार आयोगको बागमती प्रदेश कार्यालयको संयुक्त आयोजनामा काठमाण्डौं जिल्लाका विद्यालयमा बाल अधिकार र मानव अधिकार सम्बन्धी अभिमुखीकरण कार्यक्रम गरिएको थियो। सो कार्यक्रममा ३४ जना NOBS विद्यालयका विद्यार्थी र ६ जना लियो क्लव अफ चावहिलका पदाधिकारीहरुको सहभागीता रहेको थियो। यसै आर्थिक बर्षमा सिन्धुली जिल्लाको कमलामाई नगरपालिकामा स्थानीय तह र बाल अधिकार सम्बन्धी कार्यशाला गोष्ठिको आयोजना गरिएको थियो। सो कार्यक्रममा कमलामाई नगरपालिकाका नव निर्वाचित जनप्रतिनिधिहरु, प्रमुख, उपप्रमुख, प्रशासकीय अधिकृत, जिल्ला समन्वय अधिकारी, विषयगत अधिकृतहरु, मेलमिलापकर्ता, न्यायिक समितिका पदाधिकारी, विभिन्न विद्यालयका प्रधानाध्यापक, नागरिक समाजका प्रतिनिधि, सञ्चारकर्मी आदिको सहभागिता रहेको थियो। कार्यक्रम पश्चात बाल अधिकारः हामी सवैको सरकोकार भन्दै सरोकारवालाले बाल विकास, बाल संरक्षण, बाल सहभागितामा थप योगदान गर्नु पर्नेमा जोड दिनु भयो।

२.६ बलपूर्वक बेपत्ता विरुद्धको अधिकारको अवस्था

सशस्त्र द्वन्द्वको अबधिमा राज्य पक्षवाट बेपत्ता पारिएका र तत्कालीन विद्रोही पक्षवाट अपहरण गरी अवस्था अज्ञात रहेका व्यक्तिहरूको अवस्था विस्तृत शान्ति सम्झौता पश्चात पनि सार्वजनिक हुन सकेन। त्यसैगरी बेपत्ता पारिएका व्यक्तिहरुको अवस्था ३० दिन भित्र सार्वजनिक गर्ने सहमति भए पनि सो सहमति कार्यान्वयन हुन सकेन। राज्यले सशस्त्र द्वन्दको अबधिमा घटेका घट्नाहरुको सम्बोधन गर्न बेपत्ता पारिएका व्यक्तिको छानवीन आयोग र सत्य निरुपण तथा मेलमिलाप

आयोगको स्थापना गऱ्यो । दुवै आयोगलाई दुई बर्षे कार्यकाल दिइएको र अर्को दुई बर्ष अवधि थप गरिएको भए पनि छानवीन मार्फत सत्य स्थापित तथा बेपत्ता पारिएका व्यक्तिहरुको अवस्था सार्वजनिक हुन सकेनन् । द्वन्द पीडितका परिवारलाई राज्यको तर्फबाट प्रदान गरिदै आएको राहत रकम पाए नपाएको सम्बन्धमा यस बागमती प्रदेश अर्न्तगतका १३ वटै जिल्लाको जिल्ला प्रशासन कार्यालयमा पत्राचार गरिएको थियो । जिल्लाहरुवाट प्राप्त तथ्याङ्कको आधारमा हेर्दा मृतक परिवार, बेपत्ता परिवारका अधिकांश आफन्तहरुले राहत रकम प्राप्त गरी सकेको अभिलेखबाट देखिन आउँछ । यसै बर्षको अन्त्य तिर सरकारले सशस्त्र द्वन्द्वका घटनासँग सम्बन्धित ऐनलाई संशोधन गर्न विधेयक संसदमा दर्ता भएको छ । पीडितमैत्री संशोधन नभएको भनी नागरिक समाजले उक्त विधेयकको विरोध गरेका छन् ।

२.७ यातना विरुद्धको अधिकार

नेपालको सविधानले यातना विरुद्धको हकलाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ। मुलुकी अपराध (संहिता) ऐनले पनि प्रचलित कानून बमोजिम कसूरको अनुसन्धान तथा अभियोजन गर्ने, कानूनको कार्यान्वयन गर्ने वा कानून बमोजिम नियन्त्रण, हिरासत वा थुनामा राख्ने अधिकार प्राप्त अधिकारीले कसैलाई शारीरिक वा मानसिक यातना दिन वा क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्न वा गराउन निषेध गरेको छ । त्यस्तो कार्य गरेमा कसुरको गाम्भीर्यता हेरी पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ। मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ को धारा ५ र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६ को धारा ७ ले पनि यातनालाई निषेध गरेको छ। यातना, क्रुर र अमानवीय एवं अपमानजनक व्यवहार विरुद्धको महासन्धि १९८४ लाई नेपालले अनुमोदन गरिसकेको सन्दर्भमा नीति, कानूनी संरचना बन्न आवश्यक भै सकेको छ। अभियुक्तको साविितको आधारमा प्रमाण संकलन गर्ने पुरानो अनुसन्धान पद्धतिको निरन्तरताका कारण प्रहरी हिरासतमा यातना, कुटपीट, दुर्व्यवहार र मृत्यु जस्ता घटना सम्बन्धमा आयोगको यस कार्यालयमा उजुरी दर्ता भई अनुसन्धानको क्रममा रहेका छन् ।

२.८ कारागार तथा हिरासतको अवस्था

बिभिन्न कसुरमा देशका विभिन्न कारागारहरुमा कैद भुक्तानरत र मुद्दाको किनारा नलागेर पूर्पक्षका लागि थुनामा रहेका कैदी तथा बन्दीको दैनिक सिदा भत्ता र दसैं खर्च वापतको रकम वृद्धिका लागि आयोगले नेपाल सरकारलाई सिफारिस गरे पनि यो वर्षको अन्त्य सम्म वृद्धि हुन सकेको छैन । महङ्गी बढीरहेको तर कैदी बन्दीले पाँउदै आएको नगद भत्ता (सिदा रकम) ६० रुपैया र चाड पर्व खर्च वापत प्रत्येक वर्ष एकमुष्ट रुपमा ३ सय रुपैया पाँउदै आएका थिए । सरकारले १८ वर्ष माथिको कैदी लाई दैनिक ७ सय ग्राम चामल उपलब्ध गराउने गरेको छ। तर ७ महिना देखि १ वर्ष सम्मका लाई १ सय ग्राम, एक वर्ष देखि तीन वर्ष सम्मका लागि १ सय ५० ग्राम, तीन वर्ष देखि पाँच वर्ष सम्मका लाई २ सय ग्राम पाँच वर्षदेखि सात वर्ष सम्मलाई २ सय ५० ग्राम, सात देखि

१२ वर्षसम्मका आश्रीत लाई ४ सय ५० ग्राम र १२ वर्ष देखि १८ वर्ष सम्मका आश्रीत लगायत बन्दी लाई ६ सय ग्राम चामल र सवै लाई ३५ रुपैया सिदा खर्च उपलब्ध गराउदै आएको छ।

कारागार व्यवस्थापन विभागको २०७९ असार मसान्त सम्मको तथ्याङ्क अनुसार देशभरका कारागारमा २६ हजार २ सय ४० कैदीबन्दी र १ हजार ६४ बालबालिकाहरु सुधारगृहमा रहेका छन्। आयोगले कारागार तथा हिरासत अनुगमनका क्रममा कैदी बन्दीहरु तथा कारागार प्रशासनले समेत रासन प्राप्त गर्ने निकाय तथा कर्मचारीहरुको १५ प्रतिशत सम्म रासन वृद्धि भए पनि कैदी बन्दीको सिदा खर्च वृद्धि नहुँदा दैनिक गुजारा चलाउन धौ धौ हुने गरेकोले महङ्गी अनुरुप सिदा रकम वृद्धिका लागि नेपाल सरकार समक्ष पहल गरि दिन आग्रह समेत भएको थियो। बागमती प्रदेश अर्न्तगतका अधिकांस कारागार र हिरासतमा क्षमता भन्दा अत्याधिक कैदी बन्दी रहेकोले सौचालय, लगायत भौतिक साधन उपलब्धतामा कठिनाई उत्पन्न भएको छ। महंगीको अनुपातमा कैदी बन्दीको सिदा रकम समायनुकूल वृद्धि हुनु पर्ने, सीपमुलक र प्राविधिक तालीम दिनु पर्ने देखिन्छ।

२.९ मानव बेचविखन तथा गैरकानूनी अप्रवासनको अवस्था

बैदेशिक रोजगारीको बहानामा महिलालाई यौन शोषण गरी भारत लगायतका विभिन्न देशहरुमा पुर्‍याई बेचविखन गर्ने प्रचलन रहेको देखिन्छ। बैदेशिक रोजगारीको वहानामा विभिन्न मुलुकमा राम्रो काम र दामको आश्वासनमा मानव तस्करी हुने गरेको यर्थाथता कसैबाट छिपेको छैन। यसै सन्दर्भमा यस कार्यालयले मानव बेचविखन तथा गैरकानूनी आप्रवासन सम्बन्धी उजूरीहरुमा सम्बन्धित निकायहरुमा पत्राचार गर्ने लगायत आवश्यक काम, कारवाही अघि बढाउँदै आएको छ। केही समय अघि दिल्ली हुँदै लेबननको एक कोठीमा लगेर बेचेको र कुबेत लैजाने भन्दै अन्यत्रै अर्थात श्रीलंकामा बेचिएर १० महिनादेखि श्रीलंकाको जेलमा परेकी नेपाली चेलीको नेपाली राजदूतावास तथा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सहयोगमा उद्धार भएको छ।

२.१० अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको अवस्था

नेपालको संविधान (२०७२) मा अपाङ्गता भएका ब्यक्तिहरुको अधिकारलाई मौलिक हकमा व्यवस्था गरेको पाइन्छ। त्यसैगरी अपाङ्गता भएका ब्यक्तिहरुको अधिकार सम्बन्धी ऐन २०७५, नेपाल सरकारको चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना (२०७१/०७२–२०७५/०७६), अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण निर्देशिका २०७३, अपाङ्गता भएका व्यक्तिहरुको लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९ लगायत कानूनी संरचना रहेका छन्। नेपालले अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण सम्वन्धी महासन्धि अनुमोदन गरिसकेको छ। सन्धिका प्रावधान बमोजिम सरकारी, सार्वजनिक स्थलमा अपाङ्गता भएका व्यक्तिको पहुँचको लागि पुरा गर्नुपर्ने पूर्वाधारको विकास हुन सकेको छैन। राज्यबाट अपाङ्गता

भत्ताको व्यवस्था गरेतापनि अपाङ्गता भएका सबै बर्गमा पहुँच पुग्न सकेको छैन । यसै सन्दर्भमा अपाङ्गता भएका ब्यक्तिहरुलाई सार्वजनिक यातायातमा चढ्न र ओर्लन समस्या भएको भनी यस कार्यालयमा परेको उजूरीको सम्बन्धमा काठमाण्डौं महानगरपालिका र उपत्यका ट्राफिक कार्यालयमा जानकारी माग गरी पत्राचार गरिएको थियो ।

यस कार्यालयले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धमा छलफल कार्यक्रमको आयोजना गरेको थियो । मिति २०७८ मंसिर २९ गते उक्त छलफल पश्चात महानगरीय ट्राफिक प्रहरी महाशाखाले अपाङ्गता भएका ब्यक्तिहरुलाई सार्वजनिक सवारी साधनमा सहज पहुँच र सुविधाका लागि सार्वजनिक यातायातमा चढ्ने र ओराल्ने ब्यवस्थाका लागि पुरानो बसपार्कमा ठाउँको व्यवस्था गरेको र बोर्ड समेत राखेको भनी उजुरकर्ताले समेत यस कार्यालयमा जानकारी गराउनु भएको थियो ।

२.११ तेश्रो लिङ्गीको अधिकार

नेपालको संविधान,२०७२ को धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूवर्क बाच्न पाउने हक हुनेछ । त्यसै गरी ऐनको धारा १७ (ङ) ले नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रताको हक रहेको छ । धारा १७ च ले नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रताको व्यवस्था गरेको छ तथापि तेश्रो लिङ्गी समुदायका मानिसहरुले यो अधिकार उपभोग गर्न पाएका छैनन् । काठमाडौंका बसपार्क क्षेत्रहरुमा परलैङ्गिक व्यक्तिहरूमाथि प्रहरीले पक्राउ गरी कुटपिट समेत गरेको भन्ने उजूरीहरु यस कार्यालयमा आउने गरेका पाइन्छन् । प्रहरीको रेकर्ड र भनाईलाई आधार मान्ने हो भने तेश्रो लिङ्गी समुदायका मानिसहरु कामको लागि भनी रातविरात हिंड्ने र होहल्ला गर्ने कार्यले तेश्रोलिङ्गीहरुलाई स्थानीय मानिसहरुको उजूरीको आधारमा पक्राउ गरी कारवाही चलाउन बाध्य भएको रहेको छ । हालै काठमाण्डौंमा एकजोडी तेश्रोलिङ्गी ब्यक्तिहरुलाई परिवारले छुट्याउने निर्णय गरी छुट्याएको घटनाको सम्बन्धमा नीलहीरा समाजले यस कार्यालयमा जानकारी गराई आवश्यक परामर्श माग गरेकोमा यस कार्यालयले परामर्श उपलब्ध गराएको थियो । यसैगरी यस आर्थिक बर्षमा तेश्रो लिङ्गी ब्यक्तिहरुको उजूरी सम्बन्धमा कार्यालयले अनुसन्धान टोली खटाई अनुसन्धान गरी कतिपय उजूरीहरुमा अनुसन्धान सम्पन्न गरी सिफारिश समेत गरिएको छ । साथै कतिपय उजूरीहरुमा आवश्यक पत्राचार गरी थप अनुसन्धानको कार्य अघि बढाई न्यायको प्रत्याभूति दिलाउन यस कार्यालय प्रयासरत छ ।

परिच्छेद-३

३ प्रवर्धनात्मक गतिविधि

३.१ विपद व्यवस्थापन र मानव अधिकार विषयक छलफल

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयको आयोजनामा २०७८ कार्तिक १३ देखि १५ सम्म आयोगका सदस्य मनोज दुवाडीको नेतृत्वमा खटिएको उच्चस्तरीय अनुगमन टोलीले सिन्धुपाल्चोक जिल्ला स्थित हेलम्बु गाँउपालिका र मेलम्ची नगरपालिकामा बाढी पहिरोका कारण भएको क्षतीको मानव अधिकार दृष्टिकोणबाट अनुगमन गरेको छ। आयोगको अनुगमन टोलीले २०७८ कार्तिक १३ गते हेलम्बु गाँउपालिकामा र २०७८ कार्तिक १४ गते मेलम्ची नगरपालिकामा स्थानीय जनप्रतिनिधि र बाढी प्रभावित व्यक्तिहरुसँग परामर्श छलफल गरेको थियो। छलफल कार्यक्रममा मेलम्ची नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत कुमार धितालले २०७८ असार १ गते र त्यस पछि इन्द्रावती र मेलम्ची नदीमा आएको बाढी र यसबाट भएको क्षति र विपद व्यवस्थापन विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। यसै गरी आयोगको अनुगना टोलीले २०७८ कार्तिक १५ गते जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकमा विपद व्यवस्थापन, विपद प्रतिकार्य र विपद न्यूनीकरणमा प्रशासनवाट भएको प्रयासका बारेमा छलफल गरेको थियो।

कार्यक्रममा आयोगका सदस्य मनोज दुवाडीले कानुनको शासनबाट नै मानव अधिकारको प्रत्याभूति हुने उल्लेख गर्दे विपदका कारण जोखिममा रहेका नागरिकहरुको मानव अधिकार संरक्षणगरी बिधीको शासन कायम गर्न थप योगदान दिन जरुरी रहेको धारणा राख्नु भएको थियो। प्रमुख जिल्ला अधिकारी बेदनीधि खनालले बाढी प्रभावित व्यक्तिहरुका लागि राहात, उद्धार र क्षतिपुर्ति सम्बन्धी विवरण उल्लेख गर्नु भएको थियो। कार्यक्रममा आयोगका का.मु. सचिव मुरारीप्रसाद खरेलले नागरिकको जीवनको सुरक्षा नै प्राथमिक अधिकार रहेको उल्लेख गर्दे नागरिकको सुरक्षार्थ नगरपालिकाले गरेका सकारात्मक कार्यको प्रशंसा गर्नु भएको थियो। समयमा नै सूचना सम्प्रेशण हुँदा धेरै मानवीय क्षति हुन नपाएको तथ्य अनुगमनवाट प्राप्त भएको उल्लेख गर्दै विपद व्यवस्थापन र प्रतिकार्यकालागि स्थानीय निकायका प्रतिनीधिहरुको भूमिकाको महत्व माथि प्रकाश पार्नु भएको थियो। वहाँले स्थानीय निकायवाट भएको प्रभावकारी कार्यका कारण विस्थापीत व्यक्तिलाई खाद्यान्ह, बास, कपास लगायतको व्यवस्थापन हुन सकेको उल्लेख गर्नु भएको थियो। आयोगका सहसचिव यज्ञप्रसाद अधिकारीले स्थानीय पालिका, प्रदेश सरकार र संघीय सरकारको संयुक्त प्रयासमा समस्याको दीर्घकालिन समाधानका लागि पहल गरिनु पर्ने उल्लेख गर्नु भएको थियो। दीर्घकालिन समस्या समाधानकोलागि भूगर्भ बिज्ञबाट भुगोलको अध्ययन पश्चात संरचना विस्तार गर्न जोड दिदै अन्तरिम राहतको लागि स्थानीय सरकार र प्रहरी प्रशासनबाट भएको कार्यको प्रशंसा गर्नु भयो।

अनुगमन टोली समक्ष मेलम्ची नगरपालिकाका नगर प्रमुख डम्बरबहादुर अर्यालले प्रभावित व्यक्तिहरुलाई अस्थायी घर निर्माणका नगरपालिकाले लागि रु. ५० बजार उपलब्ध गराउने निर्णय भएकोमा रु. २५ हजार उपलब्ध गराई सकिएको जानकारी गराउनु भएको थियो। स्थानीय पालिकावाट अस्थायी घर टहरा निर्माणका लागि ठुलै रकम खर्च गरेको भए पनि ठुलो मात्रामा क्षति भएकोले पुनस्थापना तथा पुनःनिर्माण प्रयास प्रभावकारी नदेखिएको उल्लेख गर्नु भएको थियो। वागमति प्रदेश सरकार तथा संघीय सरकारसँग मेलम्ची पुनःनिर्माण र राहत क्षतिपुर्तिकालागि पटक पटक छलफल भई संघीय सरकारबाट ६० प्रतिशत, प्रदेश सरकारबाट २५ प्रतिसत र स्थानीय सरकारबाट १५ प्रतिशत रकम उपलब्ध गराउने प्रतिवद्धता प्राप्त भएको भएपनि मेलम्ची बजार पुनःनिर्माण गरी बस्न योग्य छ की छैन? बस्ती अन्यत्र सार्नु पर्ने अवस्था हो की हैन ? भुर्गभ बिदको टोलीबाट अध्ययन भए पश्चात मात्र पुनर्निमाण प्रकृया अगाढी बढाउनु पर्ने देखिएकोले मेलम्चीको समस्या समाधानका बारेमा आयोग मार्फत नेपाल सरकारसँग विशेष पहल गरी दिन अनुरोध गर्नु भएको थियो।

आयोगको अनुगमन टोलीले घटनाको लगतै पनि स्थलगत अनुगमन गरी प्राप्त तथ्यको आधारमा नेपाल सरकारका निकायहरुसँग परामर्श छलफल गरी तत्कालिन रुपमा पीडितका आधारभूत आवश्यकता परिपुर्तिका लागि नेपाल सरकारलाई ध्यानाकर्षण गराएको थियो। यस अनुगमनले हेलम्बु र मेलम्चीवासीको समस्यालाई कसरी दीर्घकालिन रुपमा समाधान गर्न सकिन्छ र दीर्घकालिन समस्या समाधानमा स्थानीय पालिका, प्रदेश सरकार र संघीय सरकारको भुमिका निर्क्यौलमा सहजीकरण गरी भविश्यमा स्थानीयवासीले पुन दुख पीडा भोग्नु नपरोस भन्ने रहेको थियो। आयोगको अनुगमन टोलीमा आयोगका सदस्य मनोज दुवाडी, का.मु सचिव मुरारी प्रसाद खरेल, संरक्षण विभाग प्रमुख दिपकजंग ध्वज कार्की, आयोगको बागमती प्रदेश कार्यालयका प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारी र लोकनाथ घिमिरे समेतको संलग्नता रहेको थियो।

३.२ विश्वव्यापी आवधिक समिक्षाका सुझाव सम्बन्धी प्रादेशिक कार्यशाला सम्पन्न

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयको आयोजनामा २०७८ असोज ८ गते बागमती प्रदेश राजधानी हेटौडामा मानव अधिकार अवस्थाको विश्वव्यापी आवधिक समिक्षा विषयक प्रादेशिक कार्यशाला सम्पन्न गरेको छ। आयोगका सदस्य मनोज दुवाडीको अध्यक्षतामा बागमती प्रदेश सभाका माननीय सभामुख सानु कुमार श्रेष्ठको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा आयोगको बागमती प्रदेश कार्यालयका प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीले मानव अधिकार विश्वव्यापी समिक्षा (Universal Periodic Review – UPR) र मानव अधिकार राष्ट्रिय कार्ययोजना (National Human Rights Action Plan – NHRAP) र संरक्षण विभाग प्रमुख दिपकजंगध्वज कार्कीले विश्वव्यापी आवधिक समिक्षा Universal Periodic Review Mechanism and Implementation Process विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। सो

कार्यक्रममा मकवानपुर जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी बाबुराम अर्यालले वागमती प्रदेशको समग्र मानव अधिकार अवस्था विषयमा छुट्टा छुट्टै कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्र माथि छलफल पश्चात जिल्ला स्थित सरकारी कार्यालय प्रमुखहरुले विषयगत रुपमा जिल्लाको मानव अधिकार अवस्थाका बारेमा संक्षित प्रतिवेदन पेश गर्नु भएको थियो ।

कार्यक्रम दुई सत्रमा संचालन भएको थियो । कार्यक्रमको उद्घाटन गर्दै प्रदेश सभाका सभामुख सानुकुमार श्रेष्ठले नेपालको सविधानले मानव अधिकारको क्षेत्रमा उल्लेखनीय प्रगती हासिल गरेको बताउनु भयो । महिला बालबालिका, अल्पसख्यक, आदीवासी जनजाति लगाएत अपाङ्गता भएका नागरिकको रक्षा गर्न सविधान पुर्ण रुपमा कार्यान्वयन हुनु पर्ने उल्लेख गर्दै प्रदेश सरकारले समेत मानव अधिकारमैत्री कानुन निर्माणकालागि पहल गरिरहेको र उल्लेख्य प्रगती समेत हासिल गरेको स्मरण गराउनु भएको थियो । उदघाटन सत्रको समापन गर्दै राष्ट्रिय मानव अधिकार आयोगका सदस्य मनोज दुवाडीले मानव अधिकारको सम्मान संरक्षण र प्रभावकारी कार्यान्वयन गर्ने दायित्व नेपाल सरकारको भएको बताँउदै कानुनी शासनको प्रभावकारी कार्यान्वयन गरी मानव अधिकार सुनिश्चितताका लागि राज्य जिम्मेवार हुनु पर्ने बताउनु भयो । संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषदको विश्वव्यापी मानव अधिकार समिक्षामा नेपाल सरकारले स्वीकार गरेका सिफारिसहरुको प्रभावकारी कार्यान्यवनका लागि आग्रह गर्दै तीनै तहका सरकार संवेदनशिल भए सिफारिश कार्यान्वनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका जिल्ला समन्वय संयोजक आनन्दराज पोखरेल, प्रदेश प्रहरी कार्यालयका प्रहरी उपरिक्षक नवराज अधिकारी, नेपाली सेना सुपारेटार ब्यारेकका प्रमुख सेनानी राजेश थापा, सहायक प्रमुख जिल्ला अधिकारी बाबुराम अर्याल, सशस्त्र प्रहरी बल नेपालका सशस्त्र प्रहरी नायव उपरिक्षक अम्बरबहादुर खत्री, राष्ट्रिय मानव अधिकार आयोग बागमी प्रदेश कार्यालयका प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारी, राष्ट्रिय मानव अधिकार आयोग संरक्षण बिभाग प्रमुख दिपक जंगध्वज कार्की, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य शान्तिराम विडारी, गैरसरकारी संस्था महासंघका बागमती प्रदेश अध्यक्ष दामोदर अर्याल, उच्च अदालत बार यशोसिएसनका प्रतिनिधि सुवास चन्द्र अधिकारी लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा सरकारी निकायका पदाधिकारी, मानव अधिकारकर्मी, कानून व्यवसायी, नागरिक समाजका प्रतिनीधिहरु लगाएत ७५ जनाको सहभागिता रहेको थियो ।

३.३ बागमती प्रदेश स्तरीय मानव अधिकार र पत्रकारिता तालिम सम्पन्न

नेपालको संविधान (२०७२) को भाग २५, धारा २४९ बमोजिम आयोगलाई प्रदान गरेको मानव अधिकार संरक्षणको कार्य तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ अनुसार आयोगलाई मानव अधिकारको संरक्षण कार्यका लागि मानव अधिकार शिक्षामूलक प्रबर्धनात्मक कार्य गर्ने दायित्व तोकेको सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयले बागमती प्रदेश स्तरीय मानव अधिकार र पत्रकारिता तालिम सम्पन्न गरेको छ । उक्त तालिममा नेपाल

पत्रकार महासंघ बागमती प्रदेश अर्न्तगतका १३ जिल्लाका क्रियाशिल पत्रकारहरुको सहभागिता रहेको थियो। भक्तपुरमा २०७८ पुस १७ देखि २० सम्म संचालित आवासीय तालिमको समुद्घाटन आयोगका अध्यक्ष तपबहादुर मगरले गर्नु भएको थियो । तालिममा ५४ जना पत्रकारहरुको सहभागिता रहेको थियो ।

उक्त तालिम कार्यक्रममा श्रोत ब्यक्ति तथा विषय विज्ञको रुपमा प्रसाशकीय अदालतका पूर्व न्यायाधीश काशीराज दाहाल, फ्रिडम फोरमका कार्यकारी निर्देशक तारानाथ दाहाल, महिला अधिकारकर्मी बविता बस्नेत, वरिष्ठ पत्रकार ध्रुबहरी अधिकारी, नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष शिव गाँउले, अधिकारकर्मी रुप सुनार, आयोगका का.मु. सचिव मुरारि प्रसाद खरेल र आयोगको बागमती प्रदेश कार्यालयका सहसचिव यज्ञप्रसाद अधिकारी लगाएतले सहजिकरण गर्नु भएको थियो ।

तालिममा आम संचार र मानव अधिकार सम्बन्धमा आयोगका का.मु. सचिव मुरारि प्रसाद खरेलल, मानव अधिकारको अवधारणत्मक स्पष्टता र मानव अधिकार सम्वन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (२०७७/०७८–२०८१/०८२) कार्यान्वयन अवस्था तथा संयन्त्र गठनको सम्बन्धमा सहसचिव यज्ञप्रसाद अधिकारीले प्रस्तुतीकरण गर्नु भएको थियो । महिला शान्ति र सुरक्षाः मिडियाको भूमिका र लैङ्गिक बिभेद तथा मानव अधिका दृष्टिकोण विषयमा बविता बस्नेत, मानव अधिकार र प्रेस स्वतन्त्रताको अन्तराष्ट्रिय अभ्यास र राष्ट्रिय परिवेश विषयमा बरिष्ठ पत्रकार ध्रुबहरी अधिकारीले प्रस्तुतीकरण गर्नु भयो । पत्रकार आचारसंहिता तथा संचारकर्मीको सुरक्षा पत्रकार र सञ्चार माध्यमको भूमिका विषयमा फ्रिडम फोरमका कार्यकारी निर्देशक तरानाथ दाहाल, सूचनाको हक, स्वतन्त्रता र नेपालको अवस्था विषयमा प्रसासकिय अदालतका पूर्व न्यायाधीश काशीराज दाहालले कार्यपत्र पेश गर्नु भएको थियो । कार्यक्रममा नेपाल पत्रकार महासंघ भक्तपुरका अध्यक्ष जगत प्रजापती र नेपाल पत्रकार महासंघ काठमाण्डौका अध्यक्ष सुर्य सुवेदीले तालिमको प्रभावकारिताका वारेमा शुभकामना मन्तव्य राख्नु भएको थियो ।

३.४ मानव अधिकार प्रादेशिक सम्मेलन पूर्व पत्रकार सम्मेलन

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयको आयोजनामा मिति २०७८ फागुन १९ गते होटल एभोकाडो हेटौडामा पत्रकार सम्मेलन गरेको छ। आयोगका सदस्य लीलि थापाको अध्यक्षतामा भएको उक्त सम्मेलनमा मकवानपुर जिल्लाका २७ जना संचारकर्मीहरुको सहभागिता रहेको थियो । सम्मेलनमा राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयका प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीले मानव अधिकार रक्षकहरुको सुरक्षा, अधिकारको संरक्षण र प्रभावकारी कार्यान्वयनका लागि सात वटै प्रदेशमा एकै दिन एकैसाथ सम्मेलन आयोजना गर्न सम्पूर्ण तयारी पुरा भएको जानकारी गराउनु भएको थियो । सात वटै प्रदेशमा एकसाथ संचालन हुने कार्यक्रमबाट मानव अधिकार रक्षकहरुको क्षमता सवलीकरण हुनुका साथै बागमती प्रदेशको समग्र मानव अधिकार अवस्था, मानव अधिकार संयन्त्र गठन, समन्वय र सहकार्यका विविध

क्षेत्रमा छलफल हुने पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो । सम्मेलन पछि पारित हुने घोषणा पत्रले मानव अधिकार रक्षकहरुलाई कार्यक्षेत्रमा कार्य गर्न मद्धत पुग्ने बारेमा जानकारी गराईयो ।

३.५ मानव अधिकार रक्षकहरुको बागमती प्रदेश स्तरीय सम्मेलन सम्पन्न

मानव अधिकार रक्षकहरुको सुरक्षा, अधिकारको संरक्षण र प्रभावकारी कार्यान्वयनका लागि मानव अधिकार रक्षकको प्रादेशिक सम्मेलन २०७८ फागुन २० र २१ गते मकवानपुर जिल्लाको हेटौडामा सम्पन्न भएको छ । राष्ट्रिय मानव अधिकार आयोगका सदस्य लिली थापाको अध्यक्षतामा उक्त सम्मेलनको उद्घाटन बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेले गर्नु भएको थियो । आयोग बागमती प्रदेश कार्यालयका प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीले संम्मेलनको समग्र उद्देश्य माथि प्रकाश पार्दै मानव अधिकार रक्षकको दायरा फराकिलो रहेकोले स्वतन्त्र, निष्पक्ष र तटस्थरुपमा कार्य गर्दै मानव अधिकार रक्षकको सुरक्षामा विशेष जोड दिनु भएको थियो । मानवीय आवश्यकताहरु वृद्धि सगै मानव अधिकारको दायरा बढेकोले जनताका आधारभूत आवश्यकता लगाएत अधिकार प्राप्तीमा संचारकर्मी सदैव चनाखो रहनुपर्नेमा जोड दिनु भएको थियो । कार्यक्रममा उपसचिव सरिता ज्ञवालीले आमन्त्रित व्यक्तित्वहरुलाई स्वागत गर्दै कार्यक्रम संचालन गर्नु भएको थियो ।

सम्मेलनको उदघाटन गर्दै मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेले मानव अधिकार रक्षाको लागि घर परिवारको तहबाटै सुरुवात हुनुपर्नेमा जोड दिनु भयो । मानव अधिकार विश्वव्यापी भएकोले सवै नागरिकहरुको आकांक्षा पुरा हुन कठिनाई भएपनि व्यक्ति व्यक्तिले घर परिवारमा सम्मान गर्ने वातावरण बनाउन सकेमा, समाज र समुदायमा अविभेद कायम राख्न सकेको अवस्थामा मानव अधिकारको सम्मान हुने विचार व्यक्त गर्नु भएको थियो । नागरिकको मानव अधिकारको विषय संबोधनका लागि मुलुकले समाबेशी र समानुपातिक आधारमा राज्यका निकायमा प्रतिनिधित्व सुनिश्चित गरेको स्मरण गराउनु भएको थियो । प्रदेश सरकारले व्यवसायिक शिक्षामा जोड दिएको र उक्त शिक्षाले व्यक्तिलाई स्वरोजगार बन्न सघाउने हुँदा यसले ब्यक्तिको मर्यादित जीवन जीउन पाउने अधिकारको संरक्षित गर्नेमा प्रदेश सरकार विस्वस्त रहेको बताउनु भयो । कार्यक्रममा सम्बोधन गर्दे मुख्यमन्त्री पाण्डेले जव सम्म समाजमा असमानताको कुरा, पानी चल्ने र नचल्नेको कुरा, ठुलो र सानोको कुरा यथावत रहन्छ तव सम्म मानव अधिकार आयोगको बागमतथी प्रदेश कार्यलयले सशक्त रुपमा आवाज बुलन्द गर्न आग्रह गर्दे प्रदेश सरकार मानव अधिकारको संरक्षण सम्वर्द्धनमा निरन्तर लागी रहने र आयोगको प्रदेश कार्यालयसँग समन्वय र सहकार्य गर्न इच्छुक रहेको बताउनु भयो ।

सम्मेलनमा महिला मानव अधिकार रक्षक, अल्पसंख्यक तथा सिमान्तीकृत सवालहरुमा क्रियाशिल मानव अधिकार रक्षकको सुरक्षा, संरक्षण, पहिचान र चुनौती विषयमा आयोगका सदस्य लिली थापाले कार्यपत्र पेश गर्नु भएको थियो । मानव अधिकार रक्षकहरुको सुरक्षा र संरक्षण तथा

राष्ट्रिय मानव अधिकार आयोगको भूमिका र मानव अधिकार रक्षकहरु सम्बन्धी मार्गनिर्देशिका, २०६९ विषयमा आयोगका सहसचिव यज्ञप्रसाद अधिकारी, मानव अधिकार संरक्षणमा मानव अधिकार रक्षकको भूमिका विषयमा इन्सेक बागमती प्रदेश संयोजक कृष्ण गौतम, राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार संस्था र रक्षक बीच सहकार्य समन्वयको अवस्था विषयमा गै.स.स.महासंघ मकवानपुरका अध्यक्ष डा.कृष्णप्रसाद धिताल, मानव बेचबिखन बिरुद्धको सवालमा क्रियाशिल मानव अधिकार रक्षकहरुको सुरक्षा चुनौती विषयमा शक्ति समूहकी अध्यक्ष चरीमाया तामाङले छुट्टा छुट्टै कार्यपत्र पेश गर्नु भएको थियो ।

कार्यपत्र उपर सहभागिहरु बीच सामुहिक रुपमा छलफल समेत भएको थियो । सम्मेलनमा सहभागि मानव अधिकार रक्षकहरुको अवस्था मुल्यांकन र बिश्लेषण गर्ने तथा मानव अधिकार रक्षकहरुको बिवरण तयार पार्ने प्रयोजनका लागि फारम तथा प्रश्नावली उपर छलफल समेत भएको थियो । सम्मेलनले १७ बुँदे घोषणा पत्र जारी गरेको थियो । घोषणापत्र अनुसुची १३ मा समावेश गरिएको छ । सम्मेलनमा बागमती प्रदेशका १३ जिल्लाका ५८ जना महिला र ९० जना पुरुष गरी जम्मा १ सय ४८ जना मानव अधिकार रक्षकहरुको सहभागिता रहेको थियो ।

३.६ प्रदेश बालबालिका सम्बन्धी ऐन २०७६ को मानव अधिकार दृष्टिकोणबाट पुनरावलोकन कार्यशाला

राष्ट्रिय मानव अधिकार आयोग केन्द्रीय कार्यालयको समन्वयमा आयोगको वागमति प्रदेश कार्यालयको आयोजनामा २०७८ माघ ६ गते बागमती प्रदेशको राजधानी हेटौडामा प्रदेश बालबालिका सम्बन्धी ऐन २०७६ को मानव अधिकार दृष्टिकोणबाट पुनरावलोकन कार्यशाला सम्पन्न भएको छ । आयोगका सदस्य मनोज दुवाडीको अध्यक्षतामा बागमती प्रदेश सभाका सभामुख सानुकुमार श्रेष्ठको प्रमुख आतिथ्यमा सम्पन्न भएको उक्त कार्यक्रममा वागमती प्रदेश सरकारका कृषि तथा सहकारीमन्त्री बसुन्धरा हुमागाई, भौतिक राज्यमन्त्री सन्तबहादुर प्रजा, कृषि, पशुपन्छी तथा विकास राज्यमन्त्री इन्द्रमाया गुरुङ्ग लगायत ४० जनाको सहभागिता रहेको थियो ।

कार्याशालामा प्रदेश मामिला समितिका सभापति माधव पौडेल, प्रदेश सभा सचिवालयका सचिव कृष्णहरी खड्का लगायतले प्रदेश बालबालिका सम्बन्धी ऐनमा समावेश गर्नुपर्ने सुझाव पेश गर्नु भएको थियो । कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग संरक्षण विभाग प्रमुख दीपक जंग ध्वज कार्की र राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयका कार्यालय प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीले वालवालिका सम्बन्धी प्रस्तावित ऐनका सम्बन्धमा आफ्नो धारणा राख्नु भएको थियो । कार्यक्रमको संचालन आयोगका उपसचिव सोमनाथ सुवेदीले गर्नु भएको थियो । कोभिड १९ को संक्रमणका कारण कार्यक्रममा स्वास्थ्य मापदण्ड पालनागरी संचालन तथा सम्पन्न गरिएको थियो ।

३.७ मानव अधिकारको अन्तर्राष्ट्रिय दिवस प्रदेश राजधानीमा सम्पन्न

७३ औं अन्तराष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा नेपाल सरकारको मानव अधिकार राष्ट्रिय कार्ययोजना सम्बन्धी कार्यशाला २०७८ मंसिर २४ गते हेटौडामा सम्पन्न भएको छ। बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र आयोगको बागमती प्रदेश कार्यालयको समन्वयमा भएको उक्त कार्यक्रमको अध्यक्षता राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयका प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीले गर्नु भएको थियो।

कार्यक्रमको प्रमुख अतिथी प्रदेश सरकार, मूख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका मूख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डे रहनु भएको थियो। उक्त कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग, वागमती प्रदेश कार्यालयको बार्षिक गतिविधी पुस्तिका २०७७/०७८ को विमोचन समेत गर्नु भएको थियो। कार्यक्रमका विशेष आतिथ्यता राष्ट्रिय मानव अधिकार आयोगका सदस्य डा. सुर्य प्रसाद शर्मा ढुंगेलले गर्नु भएको थियो।

कार्यशालालाई सम्बोधन गर्दै प्रमुख अतिथी वागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले आवाजबिहिनको मानव अधिकार संरक्षण गर्न आयोगले स्थानीय तह सम्म गतिविधि पुऱ्याउनु पर्नेमा जोड दिनु भयो। मुख्यमन्त्रीले मानव अधिकार हननका घटना बर्षेनी बढिरहेको तर्फ संकेत गर्दै मानव अधिकारको रक्षा गर्ने कर्तव्य सरकारको भएको उल्लेख गर्नु भएको थियो। अहिले तीन तहको सरकार अभ्यासमा रहेको भन्दै वहाले तीनै तहको सरकारले मानव अधिकार संरक्षण र प्रवर्धनकालागि समन्वयात्मक रुपमा काम गर्नु पर्नेमा जोड दिनु भएको थियो।

जनताको मानव अधिकार प्रत्याभूत गर्न नेपालमा निकै लामो समयदेखी संघर्षहरु भएको स्मरण गर्दै मानव अधिकारको विषय विश्वव्यापी रहेको र मानव अधिकारका सवाल यसको रक्षा, चुनौतीबारे विद्यालय तहबाट नै अध्यापन हुनु पर्नेमा मुख्यमन्त्रीले जोड दिनु भएको थियो। प्राथमिक तहको पाठ्यक्रममा नै मानव अधिकारका विषयवस्तु समावेश गर्नु पर्ने तर्फ सरकारले सोच्नुपर्ने बेला आएको बताउनु भयो। मानव अधिकार संरक्षणको लागि कारागारलाई सुधार गृहको रुपमा विकास गर्नु पर्ने र यसको लागि आयोगले ध्यान दिनुपर्ने उल्लेख गर्नु भएको थियो। अहिलेका कारागारहरु जेलको रुपमा छन यसलाई सुधार गृहको रुपामा विकास गरिनु पर्छ, त्यस तर्फ राष्ट्रिय मानव अधिकार आयोगले ध्यान केन्द्रित गर्नु पर्छ। सरकारले पनि आवश्यक सहयोग र पहल गर्नेमा प्रतिवद्धता समेत जनाउनु भएको थियो।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका सदस्य डा. सुर्यप्रसाद शर्मा ढुङ्गेलले नेपालको संविधान मानव अधिकारका दृष्टिकोणवाट अग्रगामी भए पनि मानव अधिकार हनन् भएको उजुरी आउने क्रम बढीरहनु चिन्ताको विषय भएको उल्लेख गर्नु भएको थियो। महिला, दलित, अपाङ्गता भएका, तथा हिंसा पीडितलाई प्रहरी प्रशासन तथा सेवा प्रदायक निकायले सेवा प्रदानको कार्यशैलीमा सुधार आवश्यक रहेकोमा जोड दिनु भएको थियो। मानव अधिकार रक्षकहरुमाथी

हुने गरेको हिंसा न्यूनीकरण गर्नको लागि नेपाल सरकारले विशेष योजना बनाउनु पर्ने, नेपाल सरकारको मानव अधिकार कार्ययोजना कार्यान्वयनमा प्रतिवद्ध रहनु पर्ने उल्लेख गर्नु भएको थियो। अन्तर्राष्ट्रिय सन्धीहरुमा भएको प्रतिबद्धता पुरा गर्नको लागि पक्ष राष्ट्रले गहन अध्ययन गरी सुधारका योजनाहरु बनाउनु पर्नेमा जोड दिनु भएको थियो।

कार्यक्रममा बागमती प्रदेशका प्रमुख सचिव किरण राज शर्माले मानव अधिकार प्रत्याभुत गर्न कुनै व्यक्ति, राज्य वा संस्था लागेर मात्रै संभव नहुने बताउदै सबैले एकजुट भएर लाग्नुपर्नेमा जोड दिनु भएको थियो। नीति, रणनीति तर्जुमा गर्दा, मानव अधिकारका विषय र आधारभुत आवश्यकतालाई मनन् गरेर बनाउँदा कार्यान्वयनमा सहजता आउने समेत उल्लेख गर्नु भएको थियो।

यसैगरी नेपाल सरकारको पाचौ राष्ट्रिय मानव अधिकार कार्ययोजना सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयका प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीले कार्यपत्र प्रस्तुत गर्दै मानव अधिकार राष्ट्रिय कार्ययोजनामा उल्लेखित १७ वटा प्राथमिकतामा रहेका बिषयलाई सम्बोधन गर्न नेपाल सरकारले पहल कदमी लिनु पर्नेमा जोड दिनु भएको थियो। कार्यक्रममा समग्र शान्ति सुरक्षा, प्रकोप तथा बिपत्तिमा मानव अधिकार संरक्षणको बारेमा मकवानपुर जिल्लाका सहायक प्रमूख जिल्ला अधिकारी बाबुराम अर्याललले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो।

कार्यक्रममा अतिथीहरुमा विभिन्न मन्त्रालयवाट सहभागी सचिवहरु, मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी बाबुराम अर्याल, उच्च अदालत वार एशोसियसनका सचिव अरुण खतिवडा, नेपाल पत्रकार महासंघ बागमती प्रदेश महासचिव कृष्ण सारु मगर, गैर सरकारी महासंघ बागमती प्रदेश उपाध्यक्ष आरती पाठक लगाएतका ब्यक्तित्व रहनु भएको थियो। कार्यक्रममा प्रदेश स्थित सरकारी कार्यालयका प्रमुखहरु, जिल्ला स्थित सरकारी कार्यालयका प्रमुख प्रतिनीधि, कानून व्यवसायी, नागरिक समाजका प्रतिनीधि, पत्रकार र मानव अधिकारकर्मी लगाएतको उपस्थिति रहेको थियो। उक्त कार्यक्रमको संचालन तथा सहजीकरण मानव अधिकार अधिकृत जायश्वर चापागाईले गर्नु भएको थियो।

३.८ वार्षिक गतिविधि पुस्तिका वागमती प्रदेश प्रमुख समक्ष प्रस्तुत

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयको आ.व. २०७७/०७८ को वार्षिक गतिविधि पुस्तिका २०७८ मंसिर २४ गते बागमती प्रदेशका प्रमुख यादव चन्द्र शर्मा समक्ष आयोगको बागमती प्रदेश कार्यालय प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीले प्रस्तुत गर्नु भएको छ। उक्त समारोहमा आयोगका सदस्य डा. सुर्य प्रसाद शर्मा ढुंगेल तथा आयोगको वागमती प्रदेश कार्यालयका कर्मचारीहरुको समेत उपस्थिती रहेको थियो।

आयोगको बागमती प्रदेश कार्यालयले प्रदेशको मानव अधिकारको अवस्था सम्बन्धमा प्रदेश

कार्यालयमा दर्ता भएका उजुरी विवरण, उजुरी उपर अनुगमन तथा अनुसन्धान सहितको प्रगति विवरण समेटेर वार्षिक गतिविधि पुस्तिका विगत ३ वर्ष देखि प्रकाशन गरको थियो । उक्त समारोहमा आयोगको बागमती प्रदेश कार्यालयका प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीले बागमती प्रदेशमा मानव अधिकारको अवस्था सामान्य रहे पनि लैगिक हिंसा, बाल बिवाह, मानव ओसार पसार, वैदेशिका रोजगारीमा संलग्न व्यक्ति र तीनका परिवारको अवस्था, प्राकृतिक प्रकोप र मानव अधिकारको सम्वन्धमा प्रस्तुतीकरण समेत गर्नु भएको थियो ।

आयोगको वार्षिक गतिविधि पुस्तिका ग्रहण गर्दै बागमती प्रदेश प्रमुख माननीय यादव चन्द्र शर्माले मानव अधिकारको विषय सवैको चासो र सरोकारको विषय रहने उल्लेख गर्दै आयोगको प्रदेश कार्यालयले आफुवाट सम्पादित कार्यहरुको पुस्तिका प्रकाशन गरी सर्वसाधरणको लागि समेत सुसूचित गर्ने प्रशसनीय कार्य गरेको भनी वधाई तथा धन्यवाद दिनु भएको थियो ।

३.९ मानव अधिकार रक्षक सम्बन्धी छलफल कार्यक्रम सम्पन्न

अर्न्तराष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा २०७८ मंसिर २५ गते बागमती प्रदेशमा मानव अधिकार रक्षकको अवस्था र चुनौती विषयक छलफल कार्यक्रम हेटौडामा सम्पन्न भयो । राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयको कार्यालय प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीको अध्यक्षतामा भएको उक्त कार्यक्रमको प्रमुख आतिथ्यता राष्ट्रिय मानव अधिकार आयोगका सदस्य सुर्यप्रसाद शर्मा ढुंगेलले गर्नु भएको थियो । कार्यक्रमले मानव अधिकारको नविनतम विषयमा आयोग र मानव अधिकारका क्षेत्रमा कार्यरत संघसस्था वीच समन्वय बढाउनु, मानव अधिकार रक्षकको संरक्षणमा राज्यको दायित्व र मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वन अवस्था सम्बन्धमा मानव अधिकार रक्षकको भूमिकाको बारेमा जानकारी गराउने उद्देश्य राखेको थियो ।

राष्ट्रिय मानव अधिकार आयोगका सदस्य डा. सूर्यप्रसाद शर्मा ढुंगेलले मानव अधिकार रक्षकले भोग्नु परेको अन्तराष्ट्रिय अभ्यास र चुनौती सन्दर्भ जोड्दै सबै मानव अधिकार रक्षकले एकजुट भएर आवाज उठाउनु पर्नेमा जोड दिनु भएको थियो । मानव अधिकार संस्कृतिको विकासको लागि सवै पक्षमा मानसिकतामा परिवर्तन आवश्यक रहेको, घरमा मानव अधिकारमैत्री व्यवहार आवश्यक रहेको उल्लेख गर्दे बालबालिका तथा समाजले गर्ने व्यवहारमा हाम्रो सोच र कार्यशैली झल्किने गरी समयमै मानव अधिकार सम्मत व्यवहार अंगाल्न र समाजमा एक अर्का प्रतिको सम्मान, सद्भावमा र भेदभाव न्यूनीकरणमा प्रतिवद्धताका साथ मिलेर कार्य गर्नु पर्नेमा जोड दिनु भएको थियो ।

आयोगको वागमती प्रदेश कार्यालयका कार्यालय प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीले कार्यक्रममा नेपाल सरकारको मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना र मानव अधिकार रक्षकका विषयवस्तु समेटेर प्रस्तुतीकरण गर्न भएको थियो । कार्यक्रममा इन्सेक बागमती प्रदेशका संयोजक कृष्ण गौतमले बागमती प्रदेशमा मानव अधिकार रक्षकहरुको अवस्थाको सम्बन्धमा

प्रस्तुतीकरण गर्नु भएको सो कार्यक्रम गैसस महासंघ मकवानपुर र इन्सेकसंगको सहकार्यमा राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयले आयोजना गरेको थियो ।

कार्यक्रममा नागरिक समाजका प्रतिनिधि, महिला, दलित, बालबालिका लगसँग सम्बन्धित विषयगत मानव अधिकार रक्षकले मानव अधिकार संरक्षण सम्बर्धनका लागि आयोगको बागमती प्रदेश कार्यालयबाट भएका गतिविधिको सराहना गर्दै स्थानीय तहसम्म पँहुच विस्तार गर्न जोड दिनु भएको थियो । कार्यक्रममा पत्रकार महासंघका पुर्व जिल्ला अध्यक्ष हरी हुमागाई, गैसस महासंघ जिल्ला अध्यक्ष रमिला सापकोटा, कोक्यापका कोषाध्यक्ष अर्जुन ढकाल, इन्सेक वागमती प्रदेश संयोजक कृष्णप्रसाद गौतम लगाएत हेटौडाका मानव अधिकार रक्षकहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

३.१० वातावरण र विकासको अधिकार विषयक बागमती प्रदेश स्तरीय प्रदेशिक सम्मेलन सम्पन्न

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयको आयोजना तथा चितवन राष्ट्रिय निकुन्जको सहकार्यमा मिति २०७९ जेठ १६ गते वातावरण र विकासको अधिकार विषयक प्रदेशिक सम्मेलन चितवनको कसरामा सम्पन्न भएको छ । आयोगको बागमती प्रदेश कार्यालय प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा भरतपुर महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त सम्मेलनमा चितवन जिल्लाका १४ मध्यवर्ति क्षेत्रका उपभोक्ता समितिका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

सम्मेलनमा डिभिजन बन कार्यालय चितवनका अधिकृत लोकराज नेपाल, चितवन राष्ट्रिय निकुञ्जका प्रमुख हरिभद्र आचार्य, चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती सामुदायिक वन उपभोक्त समितिका अध्यक्ष प्रकाश ढुङ्गाना र आयोगको बागमती प्रदेश कार्यालयका प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीले कार्यपत्र पेश गर्नु भएको थियो । सम्मेलनले वातावरण र विकासमा मानव अधिकारको विषय, निकुञ्जक्षेत्र अन्तरगत मध्यवर्ति क्षेत्रका वासिन्दा, निकुञ्ज प्रशासन र जंगली जनवारवीच समय-समयमा देखा परेको द्वन्दको कारण र समाधानको उपायका वारेमा समुहगत छलफलको आधारमा निष्कर्ष निकाल्नु प्रमुख उद्देश्य रहेको थियो ।

सम्मेलनमा भरतपुर महानगरपालिकाकाका नगर उपप्रमुख चित्रसेन अधिकारीले वातावरण संरक्षण र विकास कार्यक्रम संगसगै सहकार्यमा लैजानकालागि निकुञ्ज प्रशासन, वन कार्यालय, स्थानीय निकायले मिलेर 'बीचको माध्यम रोजेर काम गर्नुपर्छ' भन्नेमा स्थानीय सरकार विश्वस्त रहेको बताउनु भयो । वातावरण र विकासको अधिकार जस्तो महत्वपुर्ण विषयमा आयोगको बागमती प्रदेश कार्यालयले कार्यक्रम संचालन गरी निकुञ्ज, बन कार्यालय, स्थानीय निकाय र मध्यवर्ति उपभोक्ता समुहलाई एक ठाउँमा भेला गरी सम्मेलन आयोजना गरेकोमा आयोगको बागमती प्रदेश कार्यालयलाई विशेष धन्यवाद दिनु भएको थियो । मध्यवर्ति क्षेत्रका बासिन्दाहरुको

समस्या, उनीहरुले सदियौ देखि जीविकोपार्जन गर्दै आएको पेशा, रोजगार, व्यवसायमा असर परेको अवस्थामा निकुञ्ज र स्थानीय निकायले गर्नुपर्ने कामलाई आयोगको प्रदेश कार्यालयबाट सहजीकरण तथा समन्वयको लागि खेलेको भुमिकाको समेत प्रशंसा गर्नु भएको थियो । साथै निकुञ्ज क्षेत्र तथा मध्यवर्ति क्षेत्रका बासिन्दाको समस्यामा आयोगबाट नियमित भैरहेको अुनमगन प्रति आफु जानकार रहेको र आयोगको उक्त कार्यलयले महानगरपालिका लाई पनि जिम्मेवारी बोध भएको बताउनु भयो ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग वागमती प्रदेश कार्यालयका प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीले मानव र वन्यजन्तु बीचको द्वन्द्व बढिरहेको समयमा निकुञ्ज भित्र वन्यजन्तुलाई आहाराका लागि घाँसेमैदान सहितका स्थानहरुको व्यवस्था गर्न सुझाव दिदै निकुञ्ज तथा मध्यवर्ति वरपर हुने संरचना तथा विकास निर्माण कार्य मानव अधिकारमुखी विकास पद्धति अपनाएर मात्र गरिनु पर्नेमा जोड दिनु भएको थियो । निकुञ्ज वरपरका नदी खोला नालामा जीविकोपार्जन गरी आएका स्थानीयको यथोचित व्यवस्था गरेर मात्र स्थानान्तरण गर्नु पर्नेमा उक्त कार्यलाई प्राथमिकता दिन महानगर प्रतिवद्ध रहेको बताउनु भयो ।

सम्मेलनमा कार्यपत्र माथिको छलफलमा जंगली जनवारको आक्रमण वढ्दै गएको अवस्थामा वन्यजन्तुहरुलाई बस्ती प्रवेशमा रोक लगाउन मेस जालिसहितको आर.सी.सी. पर्खाल समेत लगाउनुपर्ने बाध्यता रहेको भन्ने पाइएको थियो । निकुञ्ज र स्थानीयको सहकार्यमा संरक्षण र विकासको योजना तर्जुमा गर्नुपर्ने, राज्यका तीनै तहका सरकारलाई जैविक विविधता संरक्षण गर्न सचेतनाका कार्यक्रम सञ्चालन, वन्यजन्तुबाट प्रभावितलाई पर्याप्त क्षतिपूर्ति, घरपालुवा जनावरको बिमा र निकुञ्ज ऐनको समयानुकुल परिमार्जन गर्नु पर्नेमा सुझाव प्राप्त भएको थियो ।

सम्मेलनमा कार्यपत्र पेश गर्दै चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत हरिभन्द्र आचार्यले वन्यजन्तुको संरक्षणमा चुनौती थपिएको बताउनु भएको थियो । पछिल्लो समयमा निकुञ्जभित्र वन्यजन्तु बढिरहेको समयमा संरक्षणमा कठिन भएको उल्लेख गर्दै संरक्षणलाई मुल मुद्दा बनाएर कानुन संशोधन गर्नुपर्ने धारणा राख्नु भएको थियो । 'वातावरण संरक्षण गर्नु हाम्रो सबैको दायित्व हो स्थानीय तहदेखि माथिल्लो तहसम्म संरक्षणमा लाग्न जरुरी छ,' भन्दै निकुञ्ज, मानव र वन्यजन्तु बीचको द्वन्द्व न्यूनीकरण गर्न तयार रहेको प्रतिवद्धता ब्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष प्रकाश ढुंगानाले स्थानीय तहहरुले मध्यवर्तीको संरक्षणमा जोड दिनुपर्ने धारणा राख्नु भएको थियो । आगामी दिनमा सामुदायिक बनहरु त्यस क्षेत्रका मानिसहरुको आय आर्जनमा मात्र लाग्ने भन्दै पूर्वाधार विकासमा स्थानीय तह नै लाग्नुपर्नेमा जोड दिनु भएको थियो । यसअघि सामुदायिक बनहरुले सडक निर्माण, विद्यालयको भौतिक निर्माण लगायतका कामहरु समेत गर्दै आएको प्रसङ्ग उल्लेख गर्दै निकुञ्ज स्थापना हुनुभन्दा अघि बसेका बस्तीको स्थानान्तरणमा उचित व्यवस्थापन गर्न राज्यले नै पहल गर्नुपर्ने धारणा राख्नु भएको थियो ।

कार्यक्रममा डिभिजन बन कार्यालय चितवनका प्रमुख लोकराज नेपालले वातावरण र स्वास्थ्यलाई मावन अधिकारसँग जोडेर हेर्नुपर्ने उल्लेख गर्नु भएको थियो । नगरपालिकाहरुले फोहोर जथाभावी रुपमा बरण्डाभार क्षेत्रमा फाल्ने गरेको भन्दै त्यसलाई उचित व्यवस्थापन गरी वातावरण संरक्षणमा लाग्नु पर्ने उल्लेख गर्नु भएको थियो । जंगल क्षेत्र वरपर फालिएका अव्यवस्थित फोहरको कारण जंगली जनवार हरिण मृग जस्ता जंगली जनावर विरामी पर्ने गरेको समेत उल्ले गर्दै राष्ट्रिय मानव अधिकार आयोगले वातावरण र विकासको अधिकार सम्बन्धमा संचालीत कार्यक्रम अत्यन्त समय सान्दर्भिक रहेको उल्लेख गर्दै आयोगको वागमती प्रदेश कार्यालयको कामको प्रशंसा गर्नु भएको थियो ।

कार्यक्रममा भरतपुर महानगरपालिका वडा नम्वर २५ का वडा अध्यक्ष छविलाल सापकोटाले मध्यवर्ति क्षेत्रका वासिन्दा निकुञ्जको जनवारवाट अत्यन्तै पीडित रहेको, नागरिकले ज्यान समेत गुमाउनु परेको, जनवारले घाइते बनाउँदा अस्पतालमा लागेको खर्च समेत क्षतिपुर्ति नपाउने गरेको, जनवारको आक्रमणवाटै मृत्यु भएकाको परिवारले रु. १० लाख क्षतिपुर्ति पाउने भनेपनि नपाएको, वालिनाली क्षतिको क्षतिपुर्ति दिने भनीएपनि प्रभावकारी नरहेको, नदी कटानको कारण नम्बरी जग्गा क्षति हुदाँ क्षतिपुर्ति दिइने भने पनि उक्त रकम अत्यन्त न्यून रहेको लगाएतका समस्याहरु राख्दै यस सम्मेलनले निकुञ्ज ऐन २०२९ तथा मध्यवर्ति क्षेत्र नियमावली २०५२ को समय सान्दर्भिक परिमार्जन हुनु पर्नेमा जोड दिनु भएको थियो । **सम्मेलन सात बुँदे घोषणापत्र जारी गरी सम्पन्न भएको थियो । घोषणापत्र देहाय अनुसार रहेको छ ।**

१. बन तथा निकुञ्ज कार्यालयले निकुञ्जभित्र बन्यजन्तुलाई पर्याप्त हुने गरी घाँसे मैदान र खानेपानीको प्रबन्ध गर्नु पर्ने साथै स्थानीय सरकारले घरपालुवा जनवारको विमा गर्नु पर्ने ।
२. जैविक विविधता संरक्षणकोलागि बन, निकुञ्ज लगाएत सरोकारवाला पक्षहरुबीच समन्वय र सहकार्य हुनु पर्ने ।
३. बन्यजन्तुहरुवाट स्थानीय प्रभावितहरुको क्षति कम गर्न जनवार गाउँ प्रवेशमा रोक लगाउने उद्देश्यले आरसीसी सहितको मेस जालीको पर्खाल लगाउने ।
४. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९, मध्यवर्ती क्षेत्र व्यवस्थापन नियामावली २०५२ को समयानुकुल परिमार्जन गर्नु पर्ने तथा वन्यजन्तु पीडित जनतालाई पर्याप्त क्षतिपूर्तिको व्यवस्था गर्ने । उपचारमा लागेको सम्पुर्ण खर्च राज्यद्वारा भराउने कानूनी प्रवन्ध गरिनु पर्ने ।
५. आवश्यक स्थानमा सुरक्षापोष्ट थपका साथै सुरक्षाकर्मीको गस्ती बढाएर चोरी शिकारी, अवैधानिक बन प्रवेश, प्राकृतिक स्रोतहरूको दोहन तथा निकुञ्ज एवम सामुदायिक बन अतिक्रमण रोक्ने ।
६. संरक्षित क्षेत्रमा के गर्न हुन्छ, के गर्न हुँदैन भन्ने बारे आचार संहिताको सहितको होडिङ बोर्ड राखिनु पर्ने ।
७. स्थानीय समुदायहरूका लागि वैकल्पीक रोजगारीका अवसरहरूको सिर्जना गरीनु पर्ने ।

३.११ उपत्यकामा विपत व्यवस्थापन र मानव अधिकार राष्ट्रिय कार्ययोजना सम्बन्धमा छलफल कार्यक्रम सम्पन्न

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयको आयोजनामा २०७९ असार २३ गते विपद व्यवस्थापन, पुर्व तयारी र प्रतिकार्य योजना विषयक कार्यशाला सम्पन्न भएको छ। आयोगको बागमती प्रदेश कार्यालय प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा गृह मन्त्रालय, उपत्यकाका काठमाण्डौ महानगरपालिका, ललितपुर महानगरपालिका र भक्तपुर नगरपालिका तथा तीनवटै जिल्ला प्रशासन कार्यालयका विषयगत अधिकृतहरुको उपस्थिति रहेको थियो।

कार्यक्रममा सहसचिव यज्ञप्रसाद अधिकारीले विपद तथा महामारीमा आयोगको बागमती प्रदेश कार्यालयबाट भएका अनुगमन, अनुसन्धान र सिफारिस सम्वन्धमा प्रस्तुतीकरण गर्नु भएको थियो। उक्त कार्यक्रममा गृह मन्त्रालयका प्रतिनिधि शुसिल भण्डारी, काठमाण्डौ महानगरपालिकाका प्रतिनिधि विष्णुप्रसाद जोशी, ललितपुर महानगरपालिकाका प्रतिनिधि केशवप्रसाद अर्याल, भक्तपुर नगरपालिकाका प्रतिनिधि दिलिपकुमार सुवालले विपद व्यवस्थापन तथा प्रतिकार्य योजनाको सम्बन्धमा आफ्नो कार्यालयबाट भएका पूर्व तयारी र प्रतिकार्यको वारेमा जानकारी गराउनु भएको थियो। कार्यक्रममा जिल्ला प्रशासन कार्यालय काठमाण्डौका प्रशासकीय अधिकृत तेजिन्द्र गौतम, जिल्ला प्रशासन कार्यालय ललितपुरका प्रशासकीय अधिकृत जनक कोईराला र जिल्ला प्रशासन कार्यालय भक्तपुरका अधिकृत रविनकुमार राई समेतले आफ्नो कार्यलयले गरेका गतिविधिको बारेमा विस्तृत जानकारी गराउनु भएको थियो।

कार्यक्रममा गृहमन्त्रालय तथा स्थानीय पालिकाहरुले विपद व्यवस्थापन कोष स्थापना, मानविय सहायता कक्षको स्थापना, हैजा प्रकोप नियन्त्रण कार्ययोजना, विपद व्यवस्थापन प्राधिकरण, जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र, एकिकृत आपतकालिन कार्य संचालनकेन्द्र संचालनका लागि कार्ययोजना तर्जुमा गरी विपद व्यवस्थापन कार्यलाई प्राथमिकताका साथ आ-आफ्नो कार्ययोजनामा बजेट व्यवस्थापन गरेको भनाई राख्नु भएको थियो। कार्यक्रममा आगामी दिनमा नेपाल सरकारको पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजनाको समन्वय संयन्त्र गठन गरी मानव अधिकार संरक्षढा र संम्वर्धनको क्षेत्रमा थप योगदान गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो।

३.१२. संक्रमणकालिन न्यायको अवस्था, आगामी कार्यदिशा सम्बन्धमा विज्ञहरु विच अर्न्तक्रिया सम्पन्न

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयको आयोजनामा २०७९ असार २० गते संक्रमणकालिन न्यायको अवस्था, आगामी कार्यदिशा सम्बन्धमा विज्ञहरु विच अर्न्तक्रिया सम्पन्न भएको छ। आयोगको बागमती प्रदेश कार्यालयका प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीले बागमती प्रादेशिक क्षेत्र भित्रका द्धन्दकालिन उजुरी, छानविन, सिफारिस अवस्था वारे प्रस्तुतीकरण

गर्नु भएको थियो । कार्यक्रममा आयोगका सदस्य डा. सुर्यप्रसाद शर्मा ढुङ्गेल, बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका सचिव श्यामकुमार भट्टराई, Nepal Peace Building Initiative का प्रतिनीधि विज्ञ सुविन्द्र बोगटी लगायतका बक्ताले पीडित केन्द्रीत न्यायमा जोड दिदै विश्वका द्धन्द्धग्रस्त मुलुकमा भएका अभ्यास बारे चर्चा गर्नु भएको थियो ।

छलफलमा संक्रमणकालीन न्यायलाई छिटो छरितो बनाउन नेपाल सरकारले बेपत्ता पारिएको व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संसोधनको प्रयास भैरहेको भन्ने भएपनि संसोधित ऐन पीडितमैत्री नभएको भनी नागरिक समाजवाट विरोधको स्वर सुनिएको छ । सशस्त्र द्धन्दपीडितले न्याय प्राप्त गर्ने अधिकार संक्रमणकालीन न्यायको प्रमुख विषय हो । यस प्रकारको गंभिर विषयमा पीडित तथा पीडितका परिवार तथा सरोकारवाला निकायसँग छलफलनै नगरी ऐन ल्याइएको भनी मानव अधिकारकर्मी विरोधमा उत्रिएको पाइएको छ। सम्मानित सर्वोच्च अदालतको फैसला, मानव अधिकार आयोगको सिफारिस, संक्रमणकालीन न्याय, मानव अधिकारका अन्तर्राष्ट्रिय मान्यता वमोजिम स्विकार्य हुने गरी ऐन संसोधनको माग पुन उठ्न थालेको पाइन्छ ।

४. मानव अधिकार राष्ट्रिय कार्ययोजना सम्बन्धी कार्यक्रम सम्पन्न

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयले बिभिन्न निकायहरुसँग समन्वय सहकार्यमा मानव अधिकारको सम्मान र संरक्षणका लागि कार्यक्रमहरु सम्पन्न गरेको छ ।

- राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयले २०७८ असोज ७ गते बागमती प्रदेश सरकारका मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यसँग समग्र बागमती प्रदेशको मानव अधिकार अवस्थाका बारेमा छलफल सम्पन्न गरेको छ । आयोगको बागमती प्रदेश कार्यालयका प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारी र मानव अधिकार सहायक लोकनाथ घिमिरे संलग्न टोलीले मुख्यमन्त्रीसँग बागमती प्रदेशको मानव अधिकार अवस्था, आयोगको बागमती प्रदेश कार्यालय प्रदेश राजधानीमा स्थान्तरण र प्रदेश कार्यालयका लागि भवन र जग्गा प्राप्ती तथा भवन निर्माण लगायतका विषयमा छलफल गरेको थियो । मूख्यमन्त्री अष्टलक्ष्मी शाक्यले आयोगको प्रदेश कार्यालय स्थापना तथा जग्गा उपलब्ध गराई प्रदेश सरकार आयोगसँग सहकार्यमा बागमती प्रदेशका आमनागरिकको मानव अधिकार सुधारमा कार्ययोजना तर्जुमा गरी अगाडी बढ्नु पर्ने धारणा राख्नु भएको थियो ।
- राष्ट्रिय मानव अधिकार आयोग र बागमती प्रदेश सरकारको संयुक्त आयोजनामा २०७८ मसिर २३ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका प्रमुख सचिव किरणराज शर्माको अध्यक्षतामा नेपाल सरकारको पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना प्रदेश समन्वय समिति गठन गरेको छ । उक्त कार्यक्रममा आयोगका सहसचिव यज्ञप्रसाद

अधिकारीले नेपाल सरकारको मानव अधिकार राष्ट्रिय कार्ययोजना विषयमा प्रस्तुतीकरण गर्नु भएको थियो ।

- सिन्धुली जिल्ला फिक्कल गाँउपालिकाको आयोजना, राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय र स्वाधीन खवरपत्रिका सिन्धुलीको सहकार्यमा २०७८ चैत ७ गते स्थानीय तह र मानव अधिकार विषयक प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । प्रशिक्षण पश्चात फिक्कल गाँउपालिका अध्यक्ष धनबहादुर कार्कीको अध्यक्षतामा मानव अधिकार राष्ट्रिय कार्ययोजना स्थानीय तह समन्वय समिति गठन भएको छ। कार्यक्रममा फिक्कल गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष, बिषयगत अधिकृतहरुको सहभागिता रहेको थियो ।

- सिन्धुली जिल्लाकै तीनपाटन गाँउपालिकाको आयोजना, राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय र स्वाधीन खवरपत्रिका सिन्धुलीको सहकार्यमा २०७८ चैत ९ गते स्थानीय तह र मानव अधिकार विषयक प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । प्रशिक्षण पश्चात तीनपाटन गाँउपालिका अध्यक्ष कर्णबहादुर मगरको अध्यक्षतामा मानव अधिकार राष्ट्रिय कार्ययोजना स्थानीय तह समन्वय समिति गठन भएको छ। कार्यक्रममा गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष, बिषयगत अधिकृतहरुको सहभागिता रहेको थियो ।

- सिन्धुली जिल्लाकै मरिण गाँउपालिकाको आयोजना, राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय र स्वाधीन खवरपत्रिका सिन्धुलीको सहकार्यमा २०७८ चैत १० गते स्थानीय तह र मानव अधिकार विषयक प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । प्रशिक्षण पश्चात मरिण गाँउपालिका अध्यक्ष पानीराज बम्जनको अध्यक्षतामा मानव अधिकार राष्ट्रिय कार्ययोजना स्थानीय तह समन्वय समिति गठन भएको छ। कार्यक्रममा गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष, बिषयगत अधिकृतहरुको सहभागिता रहेको थियो ।

- सिन्धुली जिल्लाकै घ्याङलेख गाँउपालिकाको आयोजना, राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय र स्वाधीन खवरपत्रिका सिन्धुलीको सहकार्यमा २०७८ चैत ११ गते स्थानीय तह र मानव अधिकार विषयक प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । प्रशिक्षण पश्चात घ्याङलेख गाँउपालिका अध्यक्ष जगतबहादुर भोलनको अध्यक्षतामा मानव अधिकार राष्ट्रिय कार्ययोजना स्थानीय तह समन्वय समिति गठन भएको छ। कार्यक्रममा गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष, बिषयगत अधिकृतहरुको सहभागिता रहेको थियो ।

- सिन्धुली जिल्लाकै दुधौली नगरपालिकाको आयोजना, राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय र स्वाधीन खवरपत्रिका सिन्धुलीको सहकार्यमा मिति २०७८

चैत १२ गते स्थानीय तह र मानव अधिकार विषयक प्रशिक्षण विषयक एक दिवसीय कार्यक्रम सम्पन्न गरेको छ। प्रशिक्षणकार्यक्रममा दुधौली नगरपालिकाका प्रमुख प्रसासकीय अधिकृत, वडाध्यक्ष, प्रधानध्यापक, सुरक्षा निकायका प्रतिनिधि लगायतको उपस्थिति रहेको थियो । प्रशिक्षण कार्यक्रमको सहजिकरण आयोगको बागमती प्रदेश कार्यालय प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारी, मानव अधिकार अधिकृत जायश्वर चापागाई, लोकनाथ घिमिरे, दुधौली नगरपालिकाका कानुन अधिकृत हरी कुमार श्रेष्ठ र स्वाधीन खवर पत्रिकाका प्रधान सम्पादक रुद्रबहादुर खड्काले गर्नु भएको थियो ।

- राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय सानेपा, ललितपुरको आयोजना तथा नेपाल पत्रकार महासंघ जिल्ला शाखा भक्तपुरको सहकार्यमा २०७८ फागुन २७ गते ११२ औ अन्तर्राष्ट्रिय महिला दिवसको सन्दर्भमा "नेपालमा महिला अधिकारको अवस्था र चुनौती" विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । नेपाल पत्रकार महासंघ भक्तपुरका अध्यक्ष जगतकृष्ण प्रजाप्रतीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा आयोगका बागमती प्रदेश कार्यालयका सहसचिव यज्ञप्रसाद अधिकारीले कोभिड-१९ को समयमा मानव अधिकार अवस्था, मानव अधिकार र मौलीक हक, धारा-३८ महिलाको हक, धारा-४३ सामाजिक सुरक्षाको हक, मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८, मानव अधिकारको बडा पत्र, महिला विरुद्ध हुनै सवै किसिमका भेदभाव उन्मुलन गर्ने महासन्धि, मानव अधिकार राष्ट्रिय कार्ययोजना लगायतका विषयमा प्रस्तुतीकरण गर्नु भएको थियो । कार्यक्रममा भक्तपुरका सहायक प्रमुख जिल्ला अधिकारी माधवप्रसाद शर्मा, प्रहरी नायव उपरिक्षक राजु पाण्डे, वी.वी.सी. नेपाली सेवा भक्तपुर प्रतिनिधि मतिना त्वनावासु, र पत्रकार महासंघ भक्तपुरका संस्थापक अध्यक्ष रमेश खडका लगायतले महिला पत्रकारको पेशागत सुरक्षा महिला अधिकार संरक्षणकालागि धारणा राख्नु भएको थियो । कार्यक्रममा ३० जनाको सहभागिता रहेको थियो ।
- राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयको आयोजनामा लियो क्लव काठमाडौं चाहविलको समन्वयमा २०७९ जेठ १९ गते काठमाण्डौ जिल्ला टोखानगरपालिका स्थित बौडेश्वर माध्यामिक विद्यालय र मनोहरा माध्यामिक विद्यालयमा मानव अधिकार र बाल अधिकार विषयक अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा विद्यालयका शिक्षक तथा विद्यार्थिको सहभागिता रहेको थियो । कार्यक्रमको सहजिकरण मानव अधिकार अधिकृत रेवा रेग्मी लेखा अधिकृत विजया उप्रेतीले सहजिकरण गर्नु भएको थियो ।
- राष्टिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयको आयोजना तथा नेपाल मानव अधिकार संगठन काभ्रेपलाञ्चोक शाखाको समन्वयमा २०७९ असार १ गते काभ्रेपलाञ्चोक जिल्ला बनेपा नगरपालिका-७ स्थित बेलर एकेडेमीमा मानव अधिकार

शिक्षा कार्यक्रम सम्पन्न गरेको छ । आयोगको बागमती प्रदेश कार्यालयका प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीको अध्यक्षतामा संम्पन्न भएको उक्त कार्यक्रममा बनेपा नगरपालिका वडानं-७ का वडाध्यक्ष हिटलर शाक्य, गैसस महासंघ काभ्रेका अध्यक्ष टोम सापकोटा, बेलर एकेडेमिका प्रिन्सिपल इन्दु थापा, मानव अधिकार संगठन जिल्ला शाखा काभ्रेका अध्यक्ष राजु सिग्देल लगायतको सहभागिता रहेको थियो । कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगको काम कर्तव्य र अधिकार, मानव अधिकारको बिश्वब्यापी घोषणा पत्र १९४८, बाल अधिकार महासन्धी १९८९, मानव अधिकारमुखी विकास पद्धती लगायतका बिषयमा आयोगका सहसचिव यज्ञप्रसाद अधिकारीले प्रशिक्षण दिनु भएको थियो । प्रशिक्षण कार्यक्रममा मानव अधिकार रक्षक, निर्वाचित प्रतिनिधि, सहित विद्यालयका विद्यार्थी समेत गरी ७० जनाको सहभागिता रहेको थियो ।

- सिन्धुली जिल्लाको कमलामाई नगरपालिकाको आयोजना, राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय र स्वाधीन खवरपत्रिका सिन्धुलीको सहकार्यमा २०७९ असार १३ गते स्थानीय तह र बाल अधिकार विषयक कार्यशाला सम्पन्न गरेको छ । कार्यक्रममा कमलामाई नगरपालिकाका प्रमुख उपेन्द्रकुमार पोखरेल, उप्रमुख मन्जु देवकोटा प्रमुख प्रशासकीय अधिकृत विशकसेन ढकाल नगरपालिकाका सदस्य, वडाध्यक्ष नगरपालिकाका विषयगत अधिकृत लगायत ८७ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा आयोगका बागमती प्रदेश कार्यालयका प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारी, सहायक प्रथम लोकनाथ घिमिरे र प्रहरी नायव उपरिक्षक मनोजकुमार लामाले छुट्ट छुट्टै प्रस्तुतीकरण गर्नु भएको थियो । नगरप्रमुख उपेन्द्रकुमार पोखरेलले मानव अधिकार राष्ट्रिय योजना स्थानीय तह समन्वय समिति गठन गरी मानव अधिकार संरक्षणमा भूमिका निर्वाह गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो । उपप्रमुख मञ्जु देवकोटाले मानव अधिकार र महिला शसक्तीकरणका लागि नगरपालिकाले थप बजेट विनियोजन गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

परिच्छेद-४

बागमती प्रदेश कार्यालयका उपलब्धी, चुनौती र समाधानका सम्भावित उपायहरु

४.१. प्रदेश कार्यालयका उपलब्धी

आयोगको बागमती प्रदेश कार्यालयको लागि विनियोजित आ.व. २०७८/७९ को बजेट शीर्षक अन्तर्गत २३ वटा अनुसन्धान मिसन मार्फत सम्पन्न गर्ने लक्ष्य रहेकोमा १५७ वटा फाइलमा अनुसन्धान कार्य सम्पन्न भएको छ। देशको राजधानी रहेको प्रदेश भएको र काठमाण्डौ उपत्यकामा हुने नियमित विरोध प्रर्दशनको आकस्मिक अनुगमनलाई प्राथमिकतामा राखी अनुगमन गरी आयोगबाट प्रेश विज्ञप्ती समेत जारी भएका छन् ।

श्रोत साधनले भ्याए सम्म प्रत्येक घटनामा आयोगको उपस्थिति हुने गरेको छ । प्रवर्धनात्मक कार्यक्रम तर्फ बागमती प्रदेश कार्यपालिका, व्यबस्थापिकासँग मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनका सम्बन्धमा प्रदेश सरकार र स्थानीय सरकारलाई पत्राचार भएका छन् । यस प्रदेश अन्तर्गत प्रादेशिक क्षेत्राधिकार भित्रका १३ वटै जिल्लाहरुमा अनुसन्धान, अनुगमन तथा सचेतना कार्यक्रम गर्ने लक्ष्य लिइएको छ । त्यसै गरि न्यायिक समितिका पदाधिकारीहरुको लागि मानव अधिकार सम्बन्धी कार्यक्रमबाट निष्पक्ष, स्वतन्त्र र छिटो छरितो न्याय सम्पादन गर्नकोलागि मद्धत पुगेको छ। मानव अधिकार सम्बन्धी पाचौ राष्ट्रिय कार्ययोजना (२०७७/०७८ –२०८०/०८१) को कार्यान्वयन अवस्था अनुगमन, संयन्त्र गठन सम्बन्धमा बागमती प्रदेश र स्थानीय पालिकासंगको समन्वय र सहकार्यमा कार्यक्रम संचालन भएको छ। बागमती प्रदेश अन्तर्गतका प्रहरी कर्मचारीलाई संचालित मानव अधिकार सम्बन्धी तालिममा सहभागी भइ आयोगको पहुँच विस्तार गर्दै मानव अधिकार संस्कृति विकासको लागि उल्लेख्य उपलब्धी भएको छ । गैर सरकारी संस्था, मानव अधिकार रक्षकसँग समन्वय र सहकार्यमा भएका कार्यक्रमबाट सहकार्य विस्तारमा उल्लेख्य योगदान पुग्न गएको छ । आयोगको कार्यालयको लागि हेटौडामा घर जग्गाको लागि निरन्तर प्रयास भइ रहेको छ । संविधान प्रदत्त दायित्व बमोजिम मानव अधिकार सम्वर्धन र संरक्षणमा अग्रपङ्तीमा रहनुलाई राज्यका निकाय, पदाधिकारी र नागरिक समाजले प्रशंसा गर्नु भएको छ ।

४.२ चुनौती

